# अध्याय एक : शोध परिचय

## पृष्ठभूमि

सङ्कथन भनेको वाक्य भन्दा माथिको एकाइ र भाषाको सबैभन्दा माथिल्लो तथा सिङ्गो अभिव्यक्तिगत एकाइ हो। सङ्कथन सन्दर्भमा अभिव्यक्ति हो। यो कुनै खास विषय सम्बन्ध सिङगो कथन वा भनाइसँग सम्बन्धित हुन्छ। सङ्कथन को अर्थ अभिव्यक्तिगत समग्रता हो। त्यसैले भाषाको कथ्य र लेख्य माध्यम अनुसार गफ, कुराकानी, संवाद, छलफल, विवाद, ठट्टा/जोक, गाली अन्तरवर्ता, विज्ञापन, सूचना, कथा, कविता, लेख, नाटक आदि विधाअनुसार औपचारिक, अनौपचारिक र अन्य विधि शैलीअनुसार तथा विषयगत र वाक्यगत परियोजना यो भिन्न भिन्न आकार र स्वरूपमा देखा पर्छ । सङ्कथनको अर्थगत पक्षमा प्रस्तोता (वक्ता / लेखक) र (बोद्धा/ स्रोता/पाठक) को परिवेश र प्रसङ्गअनुसार ध्वनिगत अर्थको अनुभव उपयुक्त समेटिन्छ। यसले सङ्कथनलाई सम्प्रेषणीय बनाउँछ।

व्युत्पत्तिगत दृष्टिले संस्कृतको "कथ" धातुमा "सम" उपसर्ग र "अन" परसर्ग गाँसिएर "सङ्कथन" शब्दको निर्माण भएको हो र यसको अर्थ अभिव्यक्तिगत सिङ्गो रूप हो। नेपालीमा सङ्कथन शब्द अङ्ग्रेजीको डिसकोर्स शब्दको रूपान्तरको रूपमा प्रयोग भएको हो। व्युत्पत्तिगत रूपमा हेर्ने हो र भन्ने 'डिस्कोर्स" शब्द ल्याटिन भाषाको डिस्कर्ससबाट बनेको हो। यसको अर्थ दौड्नु, दौडिरहनु र अघिपछि दौड्नु भन्ने हुन्छ । यसरी सङ्कथनले कुनै पनि विषयमा बोल्नुलाई बुझाउँछ । त्यस्तो बोली खण्डित र अखण्डित हुन सक्छ। सङ्कथनको इतिहासलाई हेर्दा प्रारम्भमा यसले कथ्य अभिव्यक्ति त्यसमा पनि भाषण तथा वार्तालाप जस्ता औपचारिक अभिव्यक्तिलाई मात्र जनाउँथ्यो । तर विस्तारै सङ्कथनले दैनिक बोलचालको प्रयोग गरिने सामान्य भाषालाई पनि समेटिएको देखिन्छ । (ढकाल२०७० पृ.२२) कथ्य सङ्कथन सामाजिक परिवेशका घटनासँग सम्बन्धित भई वक्ता र श्रोताका कथन परिवेशहरूबाट सङकलन गरिने हुन्छन् (अधिकारी,२०७४ पृ.२०६७)। कथ्य कथ्य सङ्कथनमा भाषिक पक्षको बढी महत्त्व हुन्छ । लेखेका

सङ्कथनका रूपमा निबन्ध, जीवनी, कथा, नियात्रा, संस्मरण, चिठी, दैनिकी, विज्ञापन, प्रतिवेदन, सूचना, निर्देशन रसिद आदि विधालाई लिन सकिन्छ। (अधिकारी, २०७४, पृ.२६८)।

सङ्कथन पहिले संवाद विश्लेषणका रूपमा चिनिन्थ्यो तर अहिले पाठ विश्लेषणका तथा आख्यान विश्लेषणका रूपमा लिन थालिएको छ (अधिकारी २०६४, पृ२६८) । सङ्कथन संरचनागत र अर्थगत दुई पक्षमा मध्ये पहिलोमा भाषाको लघुत्तम एकाइवर्गदेखि अक्षर, रूप शब्द, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद वक्ता र बोद्धा/लेखक र पाठकको मनस्थितिको अध्ययन विश्लेषणमा केन्द्रित हुन्छ । त्यसैले गर्दा सङ्कथन सम्प्रेषणीय हुन्छ।

**सङ्कथनको परिभाषा**

सङ्कथनको सिलसिलामा पूर्वीय र पाश्चात्य दुवै विद्वानहरूले दिएको परिभाषामा एकमत भने देखिदैन । आफ्नै सुझबुझ, दृष्टिकोण र मान्यतामा आडिएर आफ्नो धारणा प्रस्तुत गर्ने प्रयास गरेका हुन् । पूर्वीय र पाश्चात्य दुवै विद्वानहरूले दिएका परिभाषालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- कुनै पनि पाठ अध्ययनपरक स्थान हो र त्यो कार्य प्रणाली अनुभूति र उत्पादित भएर सङ्कथन बन्छ।— रोला वार्थ
- सङ्कथन सिङ्गो वा पूर्ण अभिव्यक्ति हो।— शान्ति प्रसाद ढकाल
- सङ्कथनका आफ्नै नियमहरू हुन्छन् जसको उपयोगिताबिना व्याकरणका नियमहरू काम नलाग्ने हुन्छन्।— डेल हाइम्स
- नोअम चमस्की (सन् १९८०) अनुसार सङ्कथन सामर्थ्य भनेको वाक्यहरूको एउटा अंश हो ।
- कथ्य र लेख्य जस्ता बिचहरू सङ्कथनमा समावेश हुन्छन्।— अकसफोर्ड डिक्सनेरी
- सङ्कथनको वाक्यभन्दा माथिलो खासगरी कथ्य भाषाको निरन्तर फैलावट हो। यो आफैमा पूर्ण सङ्गठित हुन्छ। डेविट क्रिसटल दु च्याम्बर्स ट्वन्टिनथ सेन्चुरी डिकसनरी (सन् १९६०) अनुसार सङ्कथन भनेको सामान्यता भाषाको बोली, संवाद, तार्किक

कौशल, रचना, प्रवचन, धार्मिक प्रवचन, कुराकानी तर्क विधिवत, सत्कार अग्रगामी कथन आदि बुझिन्छ।

यसप्रकार उल्लेखित परिभाषाहरूका के निचोड निकाल्न सकिन्छ भने सङ्कथन भनेको वाक्यभन्दा माथिको भाषिक एकाइ हो । सङ्कथन पूर्णता हुन्छ। निरन्तर भाषिक प्रवाह हुन्छ। कथ्य र लेखयजस्ता माध्यमहरू रहन्छन् । यसका अनुच्छेद, परिच्छेद, संवाद, ताकिर्क, कौशल, कुराकानी तर्क आदि रहन्छन्। त्यसलै सङ्कथन औचित्यपूर्ण र अर्थपूर्ण हुने गर्दछ।यो सिङ्गो अखण्डित र पूर्ण अभिव्यक्ति हो ।

**सङ्कथनका प्रकार**

सामान्यताः सङ्कथनलाई सामान्य र विशिष्ट प्रकारमा विभाजन गर्न सकिन्छ। सामान्य सङ्कथन, अन्तर्गत कथ्य र लेख्य सङ्कथन, पारस्परिक र अपारस्परिक सङ्कथन, औपचारिक र अनौपचारिक सङ्कथन प्रबन्धात्मक र अन्तरक्रियात्मक सङ्कथन पर्दछन् भने विशिष्ट सङ्कथन अन्तर्गत विभिन्न क्षेत्र, धार्मिक, कानुनी, व्यापारिक आदिसँग सम्बन्धित सङ्कथन पर्दछन्। सामान्यताः सङ्कथन दुई प्रकारका हुन्छन्। कथ्य तथा लेख्य रूपमा जनाउँछ ।

**क. कथ्य सङ्कथन**

वक्ता र स्रोताको मौखिक अभिव्यक्तसँग सम्बन्धित सङ्कथन कथ्य हो।कथ्य सङ्कथनमा रहन्छ र बोल्ने र सुन्ने दुवैको भूमिका प्रमुख रहन्छ। वक्ता र स्रोताका माध्यमबाट घटित हुने कथ्य घटनाहरू जस्तैः गफ, कुराकानी, गाली, छलफल, कथा, कथन विवाद भाषण, मौखिक वर्णन, प्रश्नोत्तर, माफी मगाई, सपथ आदि सङ्कथनका विषय र क्षेत्र हुन् ।(अधिकारी २०७४,पृ २७१)।कथ्य सङ्कथनमा औपचारिक तथा अनौपचारिक कुराकानी समेत समेटिएका हुन्छन्।

कथ्य सङ्कथनमा व्याकरणीय वाक्यको समेत प्रयोग गर्न सकिन्छ।यसरी हेर्दा सङ्कथनका तुलनामा कथ्य सङ्कथन केही लचिलो किसिमको छ।

### ख. लेख्य सङ्कथन

लेख्य सङ्कथनहरू भाषाका लिखित अभिव्यक्ति सँग सम्बन्धित सङ्कथन पाठक सँग सम्बन्धित लिखित चिठी, दैनिक, निवेदन, प्रतिवेदन, उजुरी, निमन्त्रण शुभकामना, सूचना तथा विज्ञान तथा प्रविधि साहित्यिक रचनाहरू लेख्य सङ्कथनको क्षेत्र भित्र पर्दछन् ; (अधिकारी २०६२, पृ. २५१) । लेख्य सङ्कथनमा लेखकका सामुन्ने पाठक उपस्थिति नहुने हुँदा काल्पनिक भूमिकामा विचारलाई प्रकट गर्नुपर्दछ। ढकाल ! (२०७०,पृ,२२)। लेख्य  सङ्कथनमा गल्ती भएमा तुरून्त सुधार गर्ने अवसर रहदैन् । त्यसैले अभिव्यक्ति र लिखितका क्रममा लेखकले के लेख्दैछु भन्ने सचेत हुनुपर्दछ।प्रायः लेख्य सङ्कथनमा प्रयोग हुने भाषा मानक, स्तरीय र व्याकरणका दृष्टिले समेत उपयुक्त हुन्छ । कथ्य सङ्कथनले तुलनामा लेख्य सङ्कथन औपचारिक र जटिल हुन्छ। कथ्य सङ्कथन निरक्षरले पनि बुझ्न सक्दछन् भने लेख्य सङ्कथन साक्षरले मात्र बुझ्दछन्।

प्रस्तुतः शोधमा मातृत्त्व को कथा रिपोर्तानमूलक पाठमा प्रयोग भएका सम्बद्धक र सम्बन्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गर्ने प्रयास गरिएको छ। प्रस्तृत शोधपत्र त्रिभुवन विश्वविधालय शिक्षा विभाग अन्तर्गत स्नातकोतर तह दोस्रो वर्ष पूरा गर्ने आंशिक प्रयोजनले प्रस्तुत गरिएको छ।

### समस्या कथन

शोधको लागि छानिएको कुनै पनि विषय समस्याको रूपमा रहन्छ।समस्या पहिचान शोधकार्यको लागि अति आवश्यक तत्त्व भएकोले समस्या कथन शोधको विशिष्ट कार्य हो। सङ्कथन विश्लेषणका लागि सैद्धान्तिक आधार प्रस्तुत गर्दै सफलताको कथामा अभिव्यक्ति र विचारको शृङखलालाई जोडन आउने भाषिक जोर्नी सम्बर्न्धक र वैचारिक निरन्तरताको अन्त सुत्र सम्बर्द्धनको पहिचान के कसरी गर्न सकिन्छ अर्थात सङ्कथनमा सम्बर्द्धक र सम्बन्धनको भूमिका के, कस्तो रहेको छ भन्ने कुराको अध्ययन नै यस अध्यानको मुख्य समस्या रहेको छ । यसलाई बुँढागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- मातृत्त्व कथा पाठमा के कस्ता सम्बन्धक प्रयोग भएका छन् ?
- मातृत्त्व कथाको पाठमा के-कस्तो सम्बन्धन योजना रहेको छ ?

**अध्ययनका उद्देश्यहरू**

प्रस्तुत शोधका निम्नानुसार उदेश्यहरू रहेका छन्।

क. मातृत्त्व कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु ।

ख. सम्बद्धक र सम्बन्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता केलाउनु।

**अध्ययनको औचित्य**

भाषाको विचार विनियमको माध्यम हो। भाषाको सबै भन्दा ठूलो एकाइ सङ्कथन विश्लेषण हो।यो कथ्य र लेख्य रूपमा रहेको हुन्छ। यसको आकार एउटा सानो सुक्ति देखि ठुला-ठुला आकारमा महाकाव्यसम्म पनि हुन सक्छ। सङ्कथन विश्लेषणको सिद्धान्त अनुसार भाषा शिक्षण मुलत: सङकथनात्मक बोध र अभिव्यक्ति पक्षमा केन्द्रित हुनुपर्छ।

सङ्कथनका विविध एकाइको विश्लेषण गर्ने सिद्धान्त सङ्कथन विश्लेषण हो। यसमा उपयुक्त भाषा के. कति उपयुक्त छ भन्ने कुराको लेखा जोखा गरिन्छ। सङ्कथनका दुई वटा युक्तिहरू सम्बन्धक र सम्बन्धनको उचित र व्यहारिक प्रयोग गरिएको खण्डमा मात्र समग्र कथनको प्रयोग सही भएको ठानिन्छ । यस शोधबाट सङ्कथन विश्लेषणको क्षेत्रमा रूचि राख्ने जो कोहीलाई पनि यस बारे बुझ्न सहयोग पुग्छ।

यस्तै मातृत्त्व को कथा सङ्कथन विश्लेषणका दृष्टिले कति सान्दर्भिक छ भन्ने कुराको जानकारी को लागि पनि यो शोध महत्त्वपूर्ण बन्न सक्छ। सम्बमधक र सम्बन्धनको उचित प्रयोग भए नभएको साथै कथाकारको भाषिक प्रयोगको क्षमताको ज्ञान कति मात्रामा छ भन्ने जानकारीका लागि यो शोधले उपयोगी बन्न सक्दछ। त्यसैले गर्दा यस शोधले शिक्षक, कथाकार, विधार्थी, पाठयपुस्तक लेखक, पाठयक्रमविद् तथा पाठयक्रम उत्पादक अनुसन्धान कर्ता, समालोचक एवम् भाषावैज्ञानिक सबैलाई कुनै कुनै पक्षमा सहयोग गर्ने हुनाले पनि यो शोधको औचित्य बढ्न गएको छ।

**अध्ययनको परिसीमा**

कुनै पनि अनुसन्धान निश्चित विषय क्षेत्र र शीर्षकमा आधारित हुन्छ।

निश्चित घेराबन्दीका कारण अध्ययन अनुसन्धानले निश्चि गोरेटोबाट आफ्नो बाटो नछोडिकन अध्ययन अगाडि बढ्छ। प्रस्तुत शोध प्रस्तावमा अध्ययन पनि निम्न बुँदामा सीमाङ्कन गरिएको छः

क. प्रस्तुत शोधपत्र मातृत्त्व को कथाका सङ्कथन विश्लेषणमा सीमित रहेका छन्।

ख. मातृत्त्व कथा सम्बद्धक र सम्बद्धनमा मात्र केन्द्रित रहेर अध्ययन गरिएको छ।

**पारिभाषिक शब्द**

यस शोधमा प्रयोग भएका पारिभाषिक शब्द यस प्रकारका छन् ।

प्रस्तोता /वक्ता - सङ्कथन प्रस्तुत गर्ने व्यक्ति

बोद्धा - सङ्कथन ग्रहण गर्ने व्यक्ति

माध्यम - भाषा

विषय - सम्प्रेषित मूल मर्म

कोड - भाषा

सूचनाको स्वरूप - विभिन्न शैली, ढाँचा र तरिका

परिवेश - आन्तरिक वा वाह्य वातावरण

**शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार उल्लेख गरिएको छः

अध्याय एकः शोध परिचय

अध्याय दुईः पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीनः अध्ययन विधि

अध्याय चारः मातृत्त्व कथाको व्याख्या विश्लेषण

अध्याय पाँचः निष्कर्ष तथा सुझाव

सन्दर्भसूचीः

परिशिष्ट (व्यक्तिवृत्त सहित)

# अध्याय दुई: पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

## पूर्वकार्यको समीक्षा

प्रायोगिक भाषाविज्ञानको नविनतम शाखा सङ्कथन विश्लेषण हो। यस विषयमा हालसम्म स्वदेशी तथा विदेशी विद्धान तथा भाषाविद्धहरूले विभिन्न अध्ययन तथा अनुसन्धान गरेका छन्।

सर्वप्रथम सङ्कथन विश्लेषण भन्ने शब्द भाषा वैज्ञानिक जेलिङ ध्यारिसले सन् १९५२ मा एउटा लेख मार्फत चर्चा गरेका हुन्। उनले हेयर टोनिक को विज्ञापनको भाषालाई लिएर वाक्य भन्दा माथिलो एकाइमा व्याकरण हुन्छ भन्ने कुरा उल्लेख गरेका छन्। त्यसपछि सङ्कथन विश्लेषणको सम्बन्धमा हयालिडि र हड्सल (१९७६) फ्रिम्यान (१९८०) एडमन्सन (१९८१) ब्राउन मिलियन र जर्ज जुले (१९८३) जस्ता विद्धानहरूले यसका सम्बन्धमा टिका टिप्पणी तथ्य अनुसन्धानहरू गरेका छन्।

ढकाल (२०७३) ले **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम** पुस्तकमा सङ्कथनको परिचय र परिभाषा दिदै विधाको संरचना, त्यसको सैद्धातिक अवधारण र सङ्कथन विश्लेषण गर्ने पक्षका आधारमा सङ्कथन विश्लेषण भिन्न भिन्न हुन्छन् भन्दै तालिका माध्यमबाट यसलाई प्रस्तुत गरेका छन् साथै उनले कथ्य र लेख्य सङ्कथनको चर्चा गर्दै यसका युक्तिहरू सम्बन्धका विभिन्न प्रकारका सार्वनामिक, स्थानिक र कालिक सन्दर्भका संयोकक्त, पुनरावृत्ति, प्रति स्थापाना, लोप र कोशीय अर्थ सम्बद्धक आदिको उदाहरण सहित चर्चा गरेका छन्।

लम्साल र अन्य (२०६४) द्वारा **प्रायोगीक भाषा विज्ञान पुस्तकमा सङ्कथन** विश्लेषणका वारेमा चर्चा गरेका छन्। यसमा लिखित र मौखिक दुवै भाषामा सङ्कथन हुन् सक्ने कुराको चर्चा गर्दै यस्ता लिखित र मौखिक भाषाका वाक्यहरूले यसरी अनुच्छेद, संवाद अर्न्तर्वाता आदि वृहत्तर एकाइलाई निर्माण गर्दछन् भन्ने कुरालाई उल्लेख गरिएको छ।

गौतम (२०६४) द्वारा **चिलाउने चवरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण** शीर्षकमा शोध गरिएको छ। हयालिडे र हसनको अवधारणालाई विश्लेषण आधार मानेर अध्ययन गरिएको छ। उक्त निबन्धमा सम्बद्धक र सम्बद्धधनको के कस्तो भुमिका रहेको हुन्छ र उक्त भुमिकाको आधारमा निर्धारित भई निबन्धको के-कसरी सङ्कथन विश्लेषण गर्ने भन्ने जस्ता समस्या कथन देखाएको छ। उक्त शोधमा प्राथमिक र द्वितियक स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ। प्राथमिक स्रोतका रूपमा **चिलाउने चवरमा पलाएको मृगतृष्णा** निबन्धलाई लिइएको छ भन्ने द्वितीयक स्रोत अन्तर्गत सङ्कथन सँग सम्बन्धित अन्य सामाग्रीलाई आधारमा बनाइएको छ। सङ्कथन विश्लेषणमा सम्बद्धधक र सम्बन्धनको भूमिका के हुन्छ, पत्ता लगाउन र उक्त भूमिकाका आधारमा निबन्धको सङ्कथन विश्लेषण गर्न जस्ता उदेश्य निर्धारण गरिएको छ। उक्त शोधकार्यमा हयालिडे र हसनले प्रस्तुत गरेका धारमा नजिक रहेर अध्ययन गरिएको छ। उक्त निबन्धमा १७ प्रकारका सम्बन्धकले र २२ प्रकारका सम्बद्धधन प्रयोग गरिएको निष्कर्ष निकालिएको छ। उक्त निबन्धमा रहेका सम्बद्धधक र सम्बद्धधनको खोजी गरिएको भए पनि अनुच्छेद, अनुच्छेद वीचमा प्रयुक्त सम्बद्धधक र सम्बन्धनको अध्ययन भने गरिएको पाइदैन्। अधिकारी (२०६७) ले सामाजिक र प्रायोगिक भाषा विज्ञानमा सङ्कथन विश्लेषणको परिचय, विकास क्रम प्रकार युक्ति जस्ता पक्षहरूले उल्लेख गरेका छन् साथै सङ्कथनका युक्तिहरू सम्बन्धक र सम्बन्धनहरूको परिचय दिइ तिनको प्रकारहरू उल्लेख गर्दै भाषा शिक्षणमा यसको महत्त्व समेत उल्लेख गरेका छन्।

उर्मिला ढकाल (२०६७) द्वारा **मधेशतिर** कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोध कार्य सम्पन्न गरिएको छ। प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै सम्बद्धक र समबन्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्ततासमेत केलाइएको छ। पूर्ववर्ती शोधपत्रहरूभन्दा तुलनात्मक रूपमा प्रस्तुत शोधपत्र केही सबल देखिन्छ ।

जैसी (२०६४) द्वारा **तीनघुम्ती** उपन्यासको सङ्कथन विश्लेषण शीर्षकमा प्रस्तुत गरिएको शोधपत्रमा सङ्कथनको एउटा युक्ति सम्बद्धकको विश्लेषण गर्ने आधारलाई प्रस्तुत

गरिएको छ । यसकै आधारमा **तीनघुम्ती** उपन्यास भित्रका सम्बद्धकको पहिचान र वर्गीकरण समेत गरेतापनि सङ्कथनको अर्को युक्ति सम्बद्धकको भने यसमा अध्ययन गरेका छैनन् । जुन सङ्कथन विश्लेषणका दृष्टिले यसको कमजोरी पक्ष मानिन्छ ।

विद्यादेवी भण्डारी (२०७३) द्वारा **अछुत जातिलाई टीका लगाँउदा निबन्धको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ। प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धातिक दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता समेत केलाइएको छ। पूर्ववती शोधपत्रहरूभन्दा तुलनात्मक रूपमा प्रस्तृत शोधपत्र केही सबल देकीन्छ।

अधिकारी (२०७४) ले **सामाजिक र प्रायोगिक भाषा विज्ञान पुस्तकमा सङ्कथन विश्लेषणको** परिचय प्रस्तृत गरिएको छ। उक्त पुस्तमा सङ्कथनको के-कस्तो महत्त्व छ। सङ्कथन विश्लेषण कथ्य र लेख्य हुन्छन् भनी चरचा गरिएको छ। सङ्कथनका युक्तिमा सम्बन्धकहरू र सम्बद्धधनलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ। सम्बद्धधकहरू अन्तर्गत सार्वनामिक सम्बद्धधक, स्थानिक समबद्धक र कालिक सम्बद्धक, संयोजक सम्बद्धधक, पुनरावृति सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धधक, र कालिका सम्बधद्धकमा छुटा छुटै चर्चा गरिएको छ। सम्बन्धन अन्तर्गत सम्बद्धकधनको भुमिका विश्लेषण गर्दै सामान्य — विशेष, विशेष-सामान्यर कार्यकारकलाई अगाडि सारिएको छ। उक्त पुस्तकमा सङ्कथनका तत्त्व अन्तर्गत प्रस्तोता, बोद्धा, मार्ग, सुचनाको स्वरूप, शीर्षक/विषय ,कोड र परिवेशलाई उल्लेख गरी चर्चा गरिएको छ। सङ्कथन विश्लेषण र भाषा शिक्षक जस्ता पक्षलाई समेटिएर अध्ययन गरिएको छ। उक्त प्रस्तृत मार्फत् सैद्धान्तिक आधारमा तयार गरी शोध कार्यलाई पुर्णता प्रदान गरिएको छ।

यसरी सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर गरिएका विभिन्न अध्ययन अनुसन्धानको सूची लामै रहेको देखिन्छ।यो अध्ययन अनुसन्धानको प्रयोगजन, विषय क्षेत्र आ-आफ्नो रहेको छ। प्रस्तृत शोधकार्य ’मातृत्त्व” कथाको सङ्कथन विश्लेषण सँग सम्बन्ध छ। “मातृत्त्व” कथामा यस भन्दा अगाडि कुनै पनि शोधकार्य नभएको हुनाले प्रस्तृत कथा

सङ्कथन विश्लेषणका शोधकार्य गरिएको छ। साथै प्रस्तृत शोधकार्यको सङ्कथन विश्लेषणका सम्बन्धमा जानकारी राख्ने सबैजसोलाई थप जानकारी प्रदान गर्ने छ।

## पूर्वकार्यको उपयोगिता

सम्पादन (सन् २०७७) द्वारा मातृत्त्व कथा रिपोर्ताजमुलक रचना पाठको सङ्कथन विश्लेषण शीर्षकमा गरिएको शोधलाई आधार मानेर यो शोधकार्य अघि बढाएको छ। ती दुवै शोधमा सैद्धान्तिक अवधारणा प्रस्तुत गरी सम्बद्धक र सम्बन्धको उपयुक्तता केलाईएको छ र मातृत्त्व कथाले सामाजिक विषय प्रत्यक्ष दर्शित साहित्यको नयाँ विधा यथार्थ वादी व्यावहारिक एकाग्र अवस्था, एउटै स्थान विशेषण चित्तलाई बाधु र सफलता कसरी प्राप्त हुन्छ भन्ने निजात्यकतालाई प्रस्तुत गरी मातृत्त्व कथा रिपोर्ताजमुलक रचना पाठ शीर्षकमा प्रयोग भएका सम्बद्धक र सम्बन्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गर्ने प्रयास यस शोधमा गरिएको छ।

## सङ्कथन विश्लेषण र यसको सैद्धान्तिक अवधारणा सङ्कथन

विश्लेषण भाषा विज्ञानको एउटा नविन शाखा हो। अङ्ग्रेजीको डिस्कार्स 'एनालाइसिस शब्दको प्रयोग सर्वप्रथम सन् १९५२ मा भाषा वैज्ञानिक जेलिङ हयारिसले गरेका थिए। ह्यारिसले आफ्नो लेखमा टनिकको विज्ञापनको भाषालाई उदाहरणका रूपमा विश्लेषण गरेर सङ्कथन मा पनि वाक्य व्याकरण विस्तारित हुन्छ भन्ने कुरा देखाइएका थिए।समाजाशास्त्र, मानवशास्त्र प्रतिक विज्ञान सम्बधी अध्ययनको विकासले सङ्कथन विश्लेषणको विकासमा महत्वपुर्ण भूमिका निर्वाह गरेका छ भने हाल सङ्कथन विश्लेषण सामाजिक भाषाविज्ञान प्रकरण विज्ञान शैली विज्ञान आदि भाषा वैज्ञानिक अध्ययनका विविध सिद्धान्त र पद्धतिबाट प्रभावित हुँदै अघि बढिरहेको छ। वाक्य भन्दा माथिल्लो भाषिक एकाइको अध्ययन विश्लेषण गरिने सङ्कथन विश्लेषणमा प्रारम्भमा कथ्य भाषालाई मात्र समेटिएको थियो तर हाल आएर सङ्कथन विश्लेषणको प्रमुख उदेश्य पनि कथ्य र लेख्य दुबै सङ्कथनमा पाइने शब्द वाक्य भन्दा माथि रहरे सिङ्गो भाषिक फैलावटको विश्लेषण

गर्नु हो।सङ्कथन विश्लेषणले वाक्यभन्दा माथिल्लो भाषिक एकाइको नियम र सीमाको खोजी गर्दछ। (अधिकारी,२०६७,पृ.२५२)।

कथ्य र लेख्य दुवै भाषाबाट सामाग्री सङ्कथन विश्लेषण गरिन्छ। सङ्कथन विश्लेषणका सामाग्रीमा विविध मौखिक अभिव्यक्ति कथन घटनाहरू वर्णदेखि रूप शब्द पदावली उपवाव्य वाक्य अनुच्छेद आदि दुबै उच्चतम एकाइ समग्र कथनसम्मको विश्लेषणमा ध्यान दिइन्छ (अधिकारी २०६७ पृ. २५२ सङ्कथन विश्लेषण गर्दा सङ्कथन सँग सम्बन्ध सन्दर्भ र प्रसङ्गको समेत र ख्याल गर्नु पर्दछ । सन्दर्भ पाठ भित्र निहित हुन पनि सक्छ पाठ भन्दा बाहिर पनि रहन सक्छ र पाठ भन्दा बाहिर रहे पनि सङ्कथन बुझाउने अर्थलाई अझ स्पष्ट पार्न चाहीँ मद्दत गरेको हुन्छ ।

**सङ्कथन विश्लेषणका परिभाषाहरू**

सङ्कथन विश्लेषणलाई प्रस्टाउन विभिन्न विद्वानहरूले विभिन्न परिभाषाहरू दिएका छन् जसलाई निम्नअनुसार तल दिइएको छ —

भाषाको प्रयोगगत विश्लेषण सङ्कथन विश्लेषणमा हुने गर्छ, ब्राउन र उल ।भाषाको प्रयोगगत विश्लेषण सङ्कथन विश्लेषणमा हुने गर्छ, ब्राउन र उल । सङ्कथन विश्लेषण भाषाको विस्तारिक स्वरूपको अध्ययन हो, हेमाङ्गराज । सङ्कथन विश्लेषण भनेको प्रकार्यात्मक पक्षको अध्ययन हो, गोविन्दराज भट्टराई । सङ्कथन विश्लेषण ले भाषिक प्रकार्यात्मक विश्लेषणलाई बुझाउँछ, डेविड र नुनाल। वाक्यीय संरचनाभन्दा माथिको अविच्छिन्न भाषिक विस्तारको अध्ययन सङ्कथन विश्लेषण हुने गर्छ, डेविड क्रिस्टल ।

**सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू**

कुनैपनि सङ्कथन वा पाठको विश्लेषण गर्दा कहाँबाट सुरु गर्ने गरी अघि बढ्ने भन्ने प्रश्नको उत्तर नै सङ्कथन विश्लेषण पद्धति हो । सङ्कथन विश्लेषणका क्रममा सङ्कथनका प्रयुक्त घटकहरूको संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गरिन्छ तर सामान्य घटक को पहिचान र विश्लेषण गरी विशिष्टतिर जाने हो कि विशिष्ट बाट सामान्यतिर जाने अथवा यी दुबै भन्दा भिन्न किसिमले सङ्कथन विश्लेषण गर्ने भनि कुरा चाहिँ सङ्कथन विश्लेषणमा अपनाउने विधि र तरिका वा पद्धतिमा भर पर्दछ । सङ्कथन विश्लेषणका क्रममा निम्न पद्धतिहरू उपयोग गर्न सकिन्छ।

१. उध्र्वगमन

२. अधोगमन

३. अन्तरक्रियात्मक / मिश्रित पद्धति

**उध्र्वगमन पद्धति**

सङ्कथन विश्लेषणको यो पद्धति विशिष्टबाट सामान्य तिर जाने पद्धति हो । यस पद्धतिमा सर्वप्रथम भाषाका सबैभन्दा साना एकाइको पहिचान र विश्लेषण गरिन्छ । त्यसपछि क्रमश माथिल्लो एकाइको विश्लेषण गरिन्छ । अर्थात् विश्लेषण पाठमा रहेका वाक्य अनुच्छेद परिच्छेद हुँदै समग्र पाठको अध्ययन विश्लेषण गर्दछ । यसरी सानो एकाइको विश्लेषण गर्दै ठूलो एकाइको खोजी र विश्लेषणतिर केन्द्रित हुने पद्धति नै उध्र्वगमन पद्धति हो । यो तलबाट माथितिर जान्छ ।

**उधोगमन पद्धति**

सङ्कथन विश्लेषण क्रममा सामान्य पद्धतिको विश्लेषण गर्दै विशिष्टतिर जाने पद्धति उधोगमन पद्धति हो । (भण्डारी : २०६८ पृष्ठ १६) । यो पद्धतिमा विश्लेषण सङ्कथन रहेका ठूला भाषिक एकाइको विश्लेषण गरेपछि  क्रमशः साना एकाइको विश्लेषण तर्फ

केन्द्रित रहन्छ । यो माथिबाट तलतिर जाने पद्धति हो । यस पद्धतिको विकास पनि डेविड नुनान, क्याम्बोर्न र गाइ कुकले गरेका हुन् । अधोगमन पद्धतिलाई निम्नानुसार देखाउन सकिन्छ ।

| | ↑ | | ↓ | |
|---|---|---|---|---|
| उर्ध्वगमन पद्धति | | पाठ<br>परिच्छेद<br>अनुच्छेद<br>वाक्य | | अधोगमन पद्धति |

क्याबोर्नले अध्ययन विश्लेषणका क्रममा अधोगमन पद्धतिले काम गर्ने तरिकालाई निम्नानुसार प्रस्तुत गरेका छन् । अधोगमन पद्धतिको नमूना निम्नानुसार प्रस्तुत गरिएको छ ।

पूर्वानुभव र भाषिक अन्तरज्ञान → छपाएका छानिएका पक्षहरू → अर्थ → आवश्यक भए ध्वनि उच्चारण

**अन्तरक्रियात्मक पद्धति मिश्रित पद्धति**

उर्ध्वगमन पद्धति र अधोगमन पद्धतिभन्दा भिन्न अर्थात सङ्कथन बोधमा एकै पटकमा एकभन्दा बढी तहबाट सूचना प्राप्त गर्ने पद्धति हो । अन्तरक्रियात्मक पद्धति (स्टानोमिच १९८०) ले उर्ध्वगमन पद्धति र अधोगमन पद्धति दुवैमा समस्या रहेको कुरा उल्लेख गरी यो तेस्रो पद्धतिको विकास गरेका छन् । उनका अनुसार सङ्कथनको बोध र विश्लेषण तहबाट माथितिर र माथितिरबाट तलतिर छ भने सजिलो कुरा होइन बरु यो त एक तहमा भएको कामीलाई अर्को तहमा पुरा गर्न सकिन्छ चाहे त्यो भन्दा तल्ला तह होस् वा माथिल्ला तह होस् ।

सङ्कथन विश्लेषण गर्दा वाक्य, अनुच्छेद, परिच्छेद हुँदै समग्र पाठसम्म तलदेखि माथि तिर वा त्यसको विपरित माथिदेखि तल सम्म नभई आवश्यकताअनुसार वाक्यको

विश्लेषण गर्दा गर्दै अनुच्छेदको अनुच्छेदको गर्दागर्दै परिच्छेदको परिच्छेदको गर्दागर्दै समग्र पाठको विश्लेषण गर्नु हो ।

माथि प्रस्तुत तीन पद्धतिहरूमध्ये यस शोधकार्यको दोस्रो अनुगमन पद्धति अवलम्बन गरिएको छ।

**सारांश / निष्कर्ष**

सङ्कथनले वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई जनाउँछ। यो सामान्य एक वाक्यदेखि अनेकौं परिच्छेदसम्म विस्तारित भएको हुनसक्छ। यो खण्डित भाषिक एकाई हो। सुरू सुरूमा सङ्कथनको विकास संवाद र मौखिक अधिव्यक्तिसँग सम्बधित थियो। सङ्कथन भनेको एउटा विषयमा अभिव्यक्ति गरिएको समग्र कथन हो । सङ्कथनमा एकभन्दा बढी अनुच्छेद तथा पाठ हुन सक्दछन् । यो कथ्य र लेख्य दुवै हुन सक्छ । प्रयोग सन्दर्भमा अनुसार एक शब्द देखि एकाधिक वाक्यमा संरचित हुन्छ । कुनै खास विषय कथनको सिलसिला र पूर्णता सङ्कथनमा पाइन्छ।

वक्ता र स्रोतासँग सम्बन्धित सङ्कथन वा भाषाको मौखिक अभिव्यक्तिसँग सम्बन्धित सङ्कथन कथ्य सङ्कथन हो । मौखिक कथन( गफ, कुराकानी, छलफल, विवाद, भाषण, वाचन, आज्ञा, अनुरोध आदि)कथ्य सङ्कथनमा पर्दछन् । लेखक वा पाठसँग सम्बन्धित वा भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित सङ्कथन लेख्य सङ्कथन हो। साहित्यिक तथा साहित्येतर विभिन्न विषय क्षेत्रसँग सम्बन्धित रचनाहरू लेख्य सङ्कथनमा पर्दछन्। सङ्कथन विश्लेषणले सङ्कथनको बाह्य र आन्तरिक अर्थात संरचना र अर्थ पक्ष को विश्लेषण गर्दछ।

सङ्कथन विश्लेषणका सिलसिलामा उर्ध्वगमन, अधोगमन र अन्तरक्रियात्मक / मिश्रित गरी तीनवटा पद्धतिहरू प्रयोग भएको पाइन्छ । उर्ध्वगमन पद्धति र अधोगमन पद्धतिको विकास क्याम्बेनी र गाइ, कुक, डेविड, नुनानजस्ता विद्वानहरूले गरेको पाइन्छ। अधोगमन पद्धतिको र उर्ध्वगमन पद्धतिको सीमालाई न्यूनीकरण गर्न रसियन भाषाशास्त्री स्टानोमिचले सन् १९९० तिर मिश्रित वा अन्तरक्रियात्मक पद्धतिको विकास गरे । मिश्रित

पद्धतिलाई सन्तुलित पद्धतिका रूपमा पनि लिइन्छ । सङ्कथनमा सम्बद्धक सम्बन्धन जस्ता युक्ति हरू रहन्छन्। सम्बन्धनहरूलाई रूप पक्षसँग सम्बन्धित युक्ति मान्न सकिन्छ। सम्बन्धनले पाठमा प्रयुक्त अर्थका संकेतहरूको खोजी गर्छ । यसलाई वैचारिक अन्त सूत्रका निरन्तरताको खोजी पनि भनिन्छ । सम्बद्धकका प्रकार अन्तर्गत सार्वनामिक, स्थानिक, कालिक संयोजक पुनरावृत्ति, प्रतिष्थापना, लोप, निपात, पर्यायवाची विपरीतार्थी, सन्निधान आदि पर्दछन्। त्यस्तै सम्बन्धनका प्रकार अन्तर्गत कारण कार्य सम्बन्ध, परिवेश, घटना, अनुक्रम, व्याख्यात्मक, रीतिबोधक, प्रभाव, प्रतिफल, सामान्य, विशिष्ट, व्यतिरेकी, तुलना, प्रयोजन, विशेष्य-विशेषण, आर्थी, पर्याय आदि जस्ता अर्थ सम्बन्धहरू पर्दछन्।

## अध्याय तीन : अध्ययनको प्रक्रिया विधि

### अध्ययनको विधि

प्रस्तुत शोधलाई सम्पन्न गर्नका लागि पुस्तकालय विधि नै मुख्य रूपमा उपयोग गरिएको छ। सामग्री सङ्कलन निम्न स्रोतबाट गरिएको छ।

### १. प्राथमिक स्रोत

प्रस्तुत शोध अध्ययन सामग्री सङ्कलनको प्राथमिक रूपमा मातृत्त्व कथा शीर्षकको रिपोर्ताजमूलक पाठलाई उपयोग गरिएको छ ।

### २. द्वितीयक स्रोत

प्रस्तुत शोध अध्ययन मा द्वितियक स्रोतका रूपमा पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू तथा सम्बन्धित लेख रचनाहरूलाई उपयोग गरिएको छ ।

### शोधमा प्रयोग गरिने नमूना

शोध प्रयोग गरिने नमूनाका रूपमा मातृत्त्व कथा सम्पादन द्वारा मातृत्त्व कथा रहेका ४० वटा अनुच्छेदका विचमा रहेका सम्बन्धक र सम्बन्धनहरू पत्ता लगाई तिनीहरूको विश्लेषण गरिएको छ

### अध्ययनको नमूना छनोट प्रक्रिया

सम्पादकद्वारा मातृत्त्व लिइएको मातृत्त्व कथा शीर्षकमा ४० वटा अनुच्छेद क्रमशः वाक्य सङ्ख्या १ देखि १०८ सम्म पुऱ्याएर विभिन्न वाक्य भएका विभिन्न वाक्य सङ्ख्या श्रेणी बनाई प्रस्तुत कथालाई १० छुट्टाछुट्टै तालिका बनाई सम्बन्धकका प्रकारका आधारमा छुटयाइएको वाक्यको आन्तरिक र अन्तरवाक्यीय दुबै संरचनामा यस्ता भाषिक जोर्नीहरूलाई छुटयाइएको छ।

### तथ्याङ्क सङ्कलनका साधन

तथ्यांङ्क वा सामग्री सङ्कलन गर्दा प्राथमिक स्रोतका रूपमा मातृत्त्व कथा रिपोर्ताज मुलक रचना शीर्षक र द्वितीयक स्रोतका रूपमा प्रकाशित पुस्तकहरू, कोशहरू,  लेखहरू, जर्नलहरू, अध्ययन प्रतिवेदनहरू, अनुसन्धान प्रतिवेदनहरू तथा शोधसारहरू र विज्ञहरूका भनाइलाई प्रयोग गरिएको छ ।

### तथ्याङ्क सङ्कलन प्रक्रिया

मातृत्त्व कथाका सङ्कथन विश्लेषण शीर्षक शोधको तथ्याङ्क सङ्कलन पुस्तकालीय विधिको प्रयोग गरी सम्पन्न गरिएको छ ।

### तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

मातृत्त्व कथाका सङ्कथन विश्लेषण शीर्षक शोधको तथ्यांक विश्लेषण र व्याख्या प्रक्रिया आगमन विधि प्रयोग गरी अघि बढाइएको छ । त्यस्तै यसको प्रस्तुति वर्णनात्मक विधिले गरिएको छ ।

## अध्याय चार : मातृत्त्व कथामा प्रयुक्त सम्बद्धकहरूको अध्ययन

**मातृत्त्व कथामा प्रयुक्त सम्बद्धकको अध्ययन निर्धारित पाठकको वाक्य सङ्ख्या एकदेखि दस सम्म रहेका वाक्यहरूमा बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

निर्धारित पाठको पहिलो वाक्य सङ्ख्या श्रेणी वाक्य सङ्ख्या १ देखि १० सम्म मा रहेका वाक्यहरू प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल दिइएको छ ।

१. केही महिनाअघिको कुरा हो ।
२. एउटा शनिबार सदा झैं म झ्यालमा बसेर वहाँको बाटो हेर्दै थिएँ ।
३. मेरो दश वर्षीय ठुलो छोरा भर्खर नुहाएर कोठामा पस्यो ।
४. उसले लुगा फेर्दै सोध्यो । आमा हेरिरहनुहुन्छ तपाईं सधैं ?
५. छोराको प्रश्न सुनेर मनमा लाग्यो सानातिना कुरामा किन झूट बोल्नु ?
६. हुन् त कतिपय कुरामा छोरासँग झूट बोलेको छु तर यसो गर्दा मलाई कति सन्तोष लाग्दैनथ्यो।
७. योभन्दा बढ्ता असन्तोष त्यति बेला लाग्थ्यो ।
८. जतिबेला छोराले मेरो कुरामाथि विश्वास गर्दैनथ्यो र उल्टो शङ्का गर्थ्यो ।
९. त्यतिखेर मेरो अनुहार जङ्गलमा झारिएको रुखको ठुटो जस्तै हुन्थ्यो ।
१०. पश्चाताप र ग्लानीले मेरा दुबै नेत्र रसाउन थाल्यो ।

**तालिका — १**

वाक्यसङ्ख्या एकदेखि दससम्म रहेका वाक्यहरूमा प्रयुक्त सम्बन्धकको पहिचान र विश्लेषण

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| १ र २ | पश्चसन्दर्भक | हो | सदा झैं |
| | सार्वनामिक | उहाँ | |
| | स्थानिक | बाटो | |
| | प्रथम पुरुष | एउटा | |

| | | | |
|---|---|---|---|
| २ र ३ | सार्वनामिक<br>कालिक<br>सार्वनामिक<br>स्थानिक<br>कालिक | मेरो<br>महिना<br>छोरो<br>कोठा<br>दस वर्षीय | छोरो |
| ३ र ४ | सार्वनामिक<br>कालिक<br>सार्वनामिक | उसले<br>सधैँ<br>तपाईँ | आमा |
| ४ र ५ | सार्वनामिक<br>स्थानिक<br>पश्चसन्दर्भक | किन<br>झुट<br>छोराको | |
| ५ र ६ | निपात<br>सार्वनामिक<br>प्रथम पुरुष<br>संयोजक | त<br>कतिपय/मलाई<br>सँग<br>तर | सन्तोष |
| ६ र ७ | सार्वनामिक<br>कालिक<br>स्थानिक | यो<br>बेला<br>बढता | असन्तोष |
| ७ र ८ | सार्वनामिक<br>कालिक<br>पश्चसन्दर्भक<br>संयोजक<br>स्थानिक | मेरो<br>जतिबेला<br>विश्वास<br>र<br>शङ्का | |
| ८ र ९ | कालिक<br>सार्वनामिक | जतिखेर<br>मेरो | अङ्ग |

| | | | |
|---|---|---|---|
| | स्थानिक<br>स्थानिक | अनुहार<br>जङ्गलमा | |
| ९ र १० | सार्वनामिक<br>संयोजक<br>स्थानिक | मेरा<br>र<br>नेत्र | अङ्ग |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्य सङ्ख्या १ र २ का बिचमा पश्च सन्दर्भकको रूपमा थियो । सार्वनामिक जोर्नीका रूपमा उहाँ, कालिक, स्थानिक रूपमा बाटो र प्रथम पुरुष सम्बन्धकमा एउटा प्रयोग भएको देखिन्छ । त्यस्तै वाक्य सङ्ख्या २ र ३ का बिचमा सार्वनामिक सम्बद्धकको रूपमा मेरो र कालिकका रूपमा महिना भएको र स्थानी सम्बद्धकका रूपमा कोठा प्रयुक्त छ । वाक्य सङ्ख्या का बिचमा कालिक पश्चसन्दर्भक र स्थानिक गरी तीन सम्बद्धकहरूले कथालाई कसिलो पारेको देखिन्छ । वाक्य ३ र ४ मा एक कालिक २ सार्वनामिक सम्बद्धकका रूपमा आएर कथालाई जोडेको देखिन्छ । वाक्य ४ र ५ मा एक सार्वनामिक एक स्थानिक १ पश्चसन्दर्भक सम्बद्धक प्रयोग भएका छन् । त्यस्तै वाक्य सङ्ख्या ५ र ६ मा निपात, सार्वनामिक, प्रथमपुरुष र संयोजकका रूपमा प्रयोग भएका छन् । ६ र ७ मा सार्वनामिक, संयोजक र स्थानिक प्रयोग भएका छन् । वाक्य सङ्ख्या ७ र ८ मा सार्वनामिक, कालिक, स्थानिक र एक संयोजक सम्बद्धहरू प्रयोग भएका छन् । वाक्य सङ्ख्या ८ र ९ मा कालिक, सार्वनामिक र दुईस्थानिक, गरी चार सम्बद्धकहरू प्रयुक्त छन् । यो वाक्य सङ्ख्या श्रेणीका अन्त्यमा वाक्य सङ्ख्या ९ र १० मा एक सार्वनामिक एक संयोजक स्थानिक सम्बद्धकका रूपमा प्रयोग भएका छन् ।

यसरी चर्चित पहिलो वाक्य सङ्ख्या श्रेणीमा स्थानिक र कालिक सम्बद्धकहरूको अत्यधिक प्रयोग भएको देखिन्छ एकै प्रकारका सम्बद्धकहरूको फरक फरक प्रयोगले कता कसिलो बनाएको देखिन्छ ।

**निर्धारित पाठको वाक्यसङ्ख्या एघारदेखि एक्काइका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धारित पाठको दोस्रो वाक्य सङ्ख्या श्रेणी (वाक्य सङ्ख्या ११ देखि २१ मा) रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ।

**वाक्य सङ्ख्या**

११. अहिले सोधेको प्रश्नको जवाफ हुन त जे भन्दिए पनि हुन्थ्यो तर नभएको कुरा भन्न मन लागेन ।

१२. केहि छैन छोरा, सुबोध अंकललाई किन आउनु हुन्छ हामीकहाँ नरुचाएका झैं गरी उसले प्रश्न गऱ्यो ।

१३. किन तिमीलाई मन पर्दैन र ? वहाँले तिमी हामी सबैलाई माया गर्नु हुन्छ ।

१४. उसको मुख र प्रश्नमा झल्केको अरुचिमा विश्वास दिलाउनु पर्छ भन्ने विचारले म पूर्वाग्रह पीडित थिएँ ।

१५. आमा सुबोध अङ्कल मन पर्दैन मलाई । छोराको कुरा सुनेर म झस्कें ।

१६. उसको भानाइमा नैराश्य बिम्बित हुन्थ्यो ।

१७. किन छोरा जस्तो भनेको ? उहाँ राम्रो अङ्कल हुनुहुन्छ ।

१८. त्यसो नभन है छोरा । सम्झाउँदै भनें ।

१९. तपाईं नहुँदा हामीलाई कस्तो हपार्नुहुन्छ, गाली गर्नुहुन्छ । बुवाले जस्तो माया गर्नु हुन्न ।

२०. आमा अब देखि सुबोध अङ्कललाई हामीकहाँ नआउन भन्नुस् न ।

२१. पिलपिलाउँदो र उपेक्षाको भावले छोराको आफ्नो बालसुलभ वास्तविकता पोख्यो।

**तालिका — २**

वाक्य सङ्ख्या एघारदेखि एक्काइससम्ममा रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण ।

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ११ र १२ | कालिक | अहिले | |
| | निपात | पनि | |
| | संयोजक | तर | |
| | स्थानिक | मन | |
| १२ र १३ | सार्वानामिक | हामी | सुबोध |
| | सार्वानामिक | उसले | |
| | कालिक | कहाँ | |
| | संयोजक | र | |
| | सार्वानामिक | उहाँ | |
| | द्वितीय पुरुष | तिमी | |
| १३ र १४ | सार्वनामिक | उसको | विश्वास |
| | स्थानिक | मुख | |
| | प्रथम पुरुष | म | |
| | स्थानिक | विचार | |
| १४ र १५ | प्रथम पुरुष | मलाई | अङ्कल |
| | प्रथम पुरुष | म | |
| | स्थानिक | मन | |
| १५ र १६ | सार्वानामिक | उसको | नैराश्य |
| | स्थानिक | बिम्बित | |
| | सन्दर्भक | हुन्थ्यो | |

| | | | |
|---|---|---|---|
| १६ र १७ | सार्वानामिक<br>सार्वानामिक<br>सार्वानामिक | किन<br>उहाँ<br>यस्तो | अङ्कल |
| १७ र १८ | निपात<br>संयोजक<br>निपात | त्यसो<br>भने<br>न | |
| १८ र १९ | सार्वानामिक<br>सार्वानामिक<br>सार्वानामिक<br>स्थानिक<br>सन्दर्भक | तपाईँ<br>हामी<br>कस्तो<br>गाली<br>जस्तो | बुबाले |
| १९ र २० | संयोजक<br>सार्वानामिक<br>कालिक<br>निपात | अबदेखि<br>हामी<br>कहाँ<br>न | सुबोध |
| २० र २१ | संयोजक<br>प्रथम पुरुष<br>स्थानिक<br>सन्दर्भक | र<br>आफ्नो<br>वास्तविकता<br>बालसुलभ | |

माथिका तालिका उल्लेख भएबमोजिम ११ र १२ का बिचमा कालिक सम्बद्धका रूपमा केही हैन छोरा सुबोध अङ्कललाई किन दिनदिनै आउनु हुन्छ हामीकहाँ ? को प्रसङ्गमा अग्रसन्दर्भकको भएको देखिन्छ । त्यस्तै १२ र १३ का बिचमा कालिक सम्बद्ध त्यसपछि प्रयुक्त छ । वाक्य सङ्ख्या १३ र १४ का बिचमा सार्वनामिक, स्थानिक, प्रथमपुरुष, स्थानिक गरी चार सम्बद्धकहरू भएतापनि शब्दहरू प्रयोग भएका छन् । वाक्य

१४ र १५ मा दुई प्रथमपुरुष जनाउने सम्बन्धहरू र एक स्थानिक सम्बद्धक माथि आएर वाक्यलाई जोडेको छ । त्यस्तै वाक्य सङ्ख्या १५ र १६ मा उसको भनाइ नैराश्य विम्वित हुन्थ्यो भन्ने साङकेतिक अर्थ जनाउँदै सार्वनामिक, स्थानिक र सन्दर्भक प्रयुक्त छन् । १६ र १७ का तीन सार्वनामिक जनाउने सम्बद्धकहरू वाक्यलाई जोडेको छ । वाक्य १७ र १८ मा निपात संयोजक र निपात क्रमशः र १८ र १९ वाक्यमा तीनपटक सार्वनामिक सम्बद्धकहरू एक स्थानिक र सान्दर्भक अबस्थित सम्बद्धकहरू जोर्नी बनेर आएका छन् । वाक्य सङ्ख्या १९, २० र २१ मा श्रेणीको अन्त्यमा संयोजक, प्रथमपुरुष, स्थानिक र सन्दर्भक सम्बद्धकहरू प्रयोग भएका छन् ।

यसरी व्याख्या गरिएको दोस्रो श्रेणीमा विविध सम्बन्धहरूको प्रयोग भएको देखिन्छ निपात प्रथमपुरुष जस्ता सम्बद्धकहरूको सघनताले कथा रसिलो र सुन्दर बनाएको देखिन्छ।

**निर्धारित पाठको वाक्यसङ्ख्या बाइस देखि छतिस सम्म रहेका वाक्यहरू बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

निर्धारित पाठको तेस्रो वाक्यसङ्ख्या, श्रेणी वाक्यसङ्ख्या बाइसदेखि छतिस सम्म रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

**वाक्य सङ्ख्या**

२२. यो सत्यलाई मैले बुझेर पनि बुझ पचाउँदै आइरहेकी थिएँ ।
२३. "हुन्छ छोरा भन्छु तर अहिले होइन अलि पछि भन्नेछु ल।"
२४. छोराको अनुहार खुसीले उज्यालो भएको स्पष्ट देखिन्थ्यो ।
२५. छोराको भनाइले मेरो मन भित्रभित्रै चस्कन थाल्यो ।
२६. मेरो मष्तिस्कमा अतीतका कुराहरू खेल्न थाले ।
२७. सुबोध मेरो लोग्नेको मिल्ने साथी ।
२८. एउटा दुःखदायी हवाइजहाज दुर्घटनाले मेरा छोराछोरीलाई टुहुरा बनायो ।
२९. कल्कलाउँदो उमेरमै मेरो सिन्दुर पुछियो ।

३०. मेरो चुरा फोरिए ।

३१. सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो ।

३२. आश्वासन दिनु हुन्थ्यो ।

३३. माया दर्शाउने हुन्थ्यो तर पनि मैले अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थे ।

३४. लोग्नेको अभाव महसुस गर्थे ।

३५. त्यो सिंगै घर मलाई सुरुङ जस्तै लाग्थ्यो ।

३६. जिन्दगीमा धेरै कुरा हराए जस्तै थिए ।

**तालिका — ३**

वाक्य सङ्ख्या २२ देखि ३६ सम्म रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण।

| **वाक्य सङ्ख्या** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| २२ र २३ | सार्वानामिक | यो | छोरा |
| | निपात | पनि | |
| | प्रथम पुरुष | मैले | |
| | संयोजक | तर | |
| | कालिक | अहिले | |
| | कालिक | अलिपछि | |
| २३ र २४ | स्थानिक | अनुहार | |
| | सन्दर्भक | भएको | |
| २४ र २५ | सार्वानामिक | मेरो | |
| २५ र २६ | सार्वनामिक | मेरो | |
| | स्थानिक | मस्तिष्क | |
| २६ र २७ | सार्वानामिक | मेरो | |
| | स्थानिक | साथी | |

| | | | |
|---|---|---|---|
| २७ र २८ | प्रथम पुरुष<br>सार्वनामिक<br>कालिक | एउटा<br>मेरो<br>दुर्घटना | |
| २८ र २९ | कालिक<br>सार्वानामिक<br>स्थानिक | उमेर<br>मेरो<br>सिन्दुर | |
| २९ र ३० | सार्वानामिक<br>सन्दर्भक | मेरा<br>चुरा | |
| ३० र ३१ | प्रथम पुरुष<br>सार्वानामिक | म<br>कहाँ | |
| ३२ र ३३ | स्थानिक<br>संयोजक<br>निपात<br>प्रथम पुरुष<br>संयोजक | आश्वासन<br>तर<br>पनि<br>मैले<br>र | |
| ३३ र ३४ | कालिक<br>स्थानिक | अभाव<br>महसुस | लोग्ने |
| ३४ र ३५ | सार्वानामिक<br>स्थानिक<br>प्रथम पुरुष<br>स्थानिक<br>सार्वानामिक | त्यो<br>घर<br>मलाई<br>सुरूङ<br>जस्तै | |
| ३५ र ३६ | स्थानिक<br>सार्वानामिक<br>कालिक | जिन्दगी<br>जस्तै<br>थिए | |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्य सङ्ख्या २२ र २३ बीचमा सार्वनामिक, निपात, प्रथमपुरुष, संयोजक र कालिकहरू क्रमशः अहिले अघिपछि भन्नेछु ल। सम्बद्धक बनेर प्रयोग भएका देखिन्छन् । त्यस्तै वाक्य सङ्ख्या २३ र २४ का बिचमा स्थानिक र सन्दर्भक भित्र प्रयुक्त छ । वाक्य २४ र २५ का एउटामात्र सार्वनामिक सम्बद्धक प्रयुक्त छ । २५ र २६ मा स्थानिक मस्तिष्क सम्बद्धकका रूपमा सार्वनामिक सम्बद्धकका रूपमा बुझाउँदै मेरो प्रयोग भएका छन् । वाक्य सङ्ख्या २६ र २७ मा सार्वनामिक र स्थानिक गरी दुई सम्बद्ध प्रयोग भएर आएका छन् । त्यस्तै २७ र २८ मा प्रथम पुरुष सार्वनामिक र कालिकको रूपमा दुर्घटना सन्दर्भकको प्रयोग भएको देखिन्छ। वाक्य सङ्ख्या २८ र २९ का कालिक सार्वनामिक स्थानिक का रूपमा प्रयोग भएका छन्। वाक्यको सङ्ख्या २९ र ३० मा सन्दर्भ र सार्वनामिक सन्दर्भकका रूपमा चुरा फोरिए भन्ने वाक्य सङ्ख्या ३० र ३१ मा प्रथम पुरुष सार्वनामिक म कहाँ बराबर आउनु हुन्थ्यो प्रयोग भएका छन् । वाक्य सङ्ख्या ३२ र ३३ मा स्थानिक संयोजक निपात, प्रथम पुरुष र संयोजक सम्बद्धकको प्रयोग हुँदै आएका छन् । त्यस्तै ३३ र ३४ का बिचमा कालिक र स्थानिक का रूपमा अभाव र महसुस प्रयुक्त शब्द प्रयोग भएर आएका छन् । वाक्य सङ्ख्या ३४ र ३५ सार्वनामिक, स्थानिक, प्रथमपुरुष, स्थानिक, सार्वनामिक सम्बद्धकका रूपमा आएका छन् भने ३५ र ३६ वाक्य सङ्ख्यामा स्थानिक, सार्वनामिक र कालिक सम्बन्धका रूपमा हुनुहुन्छ जस्तै थिए वाक्यलाई जोडेको देखिन्छ ।

यसरी चर्चित तेस्रो वाक्य सङ्ख्या श्रेणीमा स्थानिक कालिक एवं सम्योजक सार्वनामिक शब्दहरूको अत्यधिक प्रयोग भएको देखिन्छ । यस श्रेणीमा निपात जस्ता सम्बद्धकहरू प्रयुक्त त छैनन् । सम्बद्धकहरूको फरक-फरक प्रयोगले तथा कसिलो बनाएको देखिन्छ।

**निर्धारित पाठको चौथो वाक्य सङ्ख्या सैंतीसदेखि छयालीससम्ममा रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

**वाक्य सङ्ख्या**

३७. यसरी मैले आफू र छोरीलाई साह्रै असुरक्षित अवस्थामा पाएँ ।

३८. मैले सुरक्षा चाहन्थेँ ।

३९. टेक्ने हाँगोको खोजीमा थिएँ म।

४०. मायाको निर्मल आकाश चाहन्थेँ म ।

४१. लाग्थ्यो संसारमा एउटा कोहि त माया गर्ने पुरुष चाहिन्छ ।

४२. जुन माया शारीरिक भन्दा मानसिक रूपमा ज्यादा होस् ।

४३. यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथेँ ।

४४. उहाँ नै हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनु हुने र म कहाँ बराबर सहानुभूति देखाउन आउनुहुने ।

४५. एक दिन सधैं मेरो व्यथा र पीडाले मुर्झाएको अनुहार देख्दा सुबोधले सम्झाउँदै भन्नुभएथ्यो। ममता तिमी किन पिर लिन्छ्यौ ? हुने कुरा भइहाल्यो ।

४६. मन बलियो बनाउनुपर्छ ।

**तालिका — ४**

वाक्य सङ्ख्या सैंतीसदेखि छयालीससम्म रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| **वाक्य सङ्ख्या** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| ३७ र ३८ | सार्वनामिक<br>सार्वनामिक<br>कालिक | मैले<br>आफू<br>यसरी | सुरक्षा<br>म<br>यस्तो |
| ३८ र ३९ | सार्वनामिक | म | |
| ३९ र ४० | सार्वनामिक<br>स्थानिक | म<br>निर्मल | स्वच्छ |
| ४० र ४१ | प्रथम पुरुष<br>निपात | एउटा पुरुष<br>त | |
| ४२ र ४३ | सार्वनामिक | जुन | |

| | | | |
|---|---|---|---|
| | प्रथम पुरुष<br>संयोजक | म<br>र | |
| ४३ र ४४ | सार्वानामिक<br>निपात<br>सार्वानामिक<br>संयोजक | उहाँ<br>नै<br>मेरो<br>र | तृतीय पुरुष |
| ४४ र ४५ | कालिक<br>सार्वानामिक<br>संयोजक<br>स्थानिक<br>सार्वानामिक | एकदिन<br>मेरो<br>र<br>अनुहार<br>तिमी | द्वितीय पुरुष |
| ४५ र ४६ | सार्वानामिक<br>स्थानिक | किन<br>मन | |

माथिका तालिकामा उल्लेख भएअनुसार ३७ र ३८ का बिचमा दुई सार्वनामिक सम्बद्धक मैले र आफू एक कालिक सम्बद्धक यसरी प्रयुक्त छ । त्यस्तै ३८ र ३९ का बिचमा सार्वनामिक प्रथम पुरुष म प्रयुक्त शब्द छ । वाक्य सङ्ख्या ३९ र ४० मा सार्वनामिक र स्थानिक गरी दुई सम्बद्धक शब्दहरू प्रयुक्त छन् । वाक्य सङ्ख्या ४० र ४१ मा प्रथम पुरुष निपात त प्रयुक्त शब्द प्रयोग भएका छन् । वाक्य सङ्ख्या ४० र ४३ का बिचमा सार्वनामिक प्रथमपुरुष र संयोजकमा जुन म र सम्बद्धक प्रयुक्त शब्द प्रयोग भएका छन् । वाक्य सङ्ख्या ४३ र ४४ बिचमा निपातका रूपमा नै सार्वनामिकका रूपमा उहाँ, मेरो र संयोजकका रूपमा र प्रयुक्त छन् ।वाक्य सङ्ख्या ४४ र ४५ बीचमा कालिक सम्बद्धक सार्वनामिक, स्थानिक र संयोजकका रूपमा नै उपयुक्त छ। ४५ र ४६ वाक्यसङ्ख्याका बिचमा सार्वनामिक र स्थानिक प्रयुक्त देखिन्छ ।

यसरी चर्चित चौथो वाक्यसङ्ख्या श्रेणीमा विधि सम्बद्धकहरूको कुशल प्रयोग देखिन्छ। सम्बद्धकका फरक-फरक प्रयोग गर्दा कथालाई कसिलो र सौन्दर्यपूर्ण बनाएको छ ।

**निर्धारित पाठको वाक्य सङ्ख्या ४७ देखि ५४ सम्म रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

**वाक्य सङ्ख्या**

४७. तिमी सम्बोधनले मलाई झन् नजिक पुऱ्याएको अनुभव मैले गरेँ ।
४८. त्यसैले त हामी निकै नजिक आइसकेका थियौं एक आपसमा ।
४९. मलाई उहाँले भित्रैदेखि चाहनुहुन्छ भन्ने पनि मैले अनुभव गरेकी थिएँ ।
५०. जिन्दगीमा पिर बाहेक सुख कहाँ देख्न पाउछु र ?
५१. सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नी मान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ? छोरी छोरा सानै छन्।
५२. आफैं सोच्नुहोस्, यत्रो लामो जिन्दगी लिएर म कसरी बाचूँ ?
५३. यो सोच्दा मलाई पट्यार लाग्छ, सुस्केरा हाल्दै मैले भनें ।
५४. ममता त्यसो भए तिमी के चाहन्छौ त ? के विचार छ तिम्रो ?

तालिका — ५

वाक्य सङ्ख्या सैतालिसदेखि चौवन्नसम्म रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| **वाक्य सङ्ख्या** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| ४७ र ४८ | सार्वानामिक | तिमी | स्थान |
| | सार्वानामिक | मलाई | प्रथम पुरुष |
| | कालिक | नजिक | |
| | प्रथम पुरुष | हामी | |

| | | | |
|---|---|---|---|
| | निपात | त | |
| ४८ र ४९ | सार्वनामिक<br>निपात<br>सार्वनामिक<br>सार्वनामिक | मलाई<br>पनि<br>मैले<br>उहाँ | प्रथम पुरुष |
| ४९ र ५० | संयोजक<br>सार्वनामिक | र<br>कहाँ | |
| ५० र ५१ | संयोजक<br>स्थानिक | र<br>अनुसार | |
| ५१ र ५२ | सार्वनामिक<br>प्रथम पुरुष<br>सार्वनामिक | आफैं<br>म<br>यो | |
| ५३ र ५४ | सार्वनामिक<br>निपात<br>सार्वनामिक | तिमी<br>त<br>मैले | द्वितीय पुरुष<br><br>तृतीय पुरुष |

माथिका तालिकामा उल्लेख भए अनुसार वाक्य सङख्या ४७ र ४८ का विचमा दुई सार्वनामिक, स्थानिक, प्रथम पुरुष र निपात सम्बद्धकहरू क्रमशः तिमी,मलाई नजिक ,हामी,त प्रयुक्त छन् भने साङ्केतिक अर्थका कथा प्रमुक्त छ वाल्य सङ्ख्४८ र ४९ का बिचामा सार्वनामिक ,निपात,सार्वनामिक,सार्वनामिक सम्बद्धकका रूपमा प्रयुक्त छ वाक्य संङ्ख्या ४९ र ५० का बिचमा संयोजक र स्थानिकका रूपमा र अनुहार प्रयुक्त शब्द छन् ५१र ५२ वाक्यका बिचमा दुई सार्वनाम र एक प्रथम पुरुष प्रयोग भएका छन् त्यस्तैक्य सङ्ख्या ५३ र ५४ का बिचमा दुई सार्वनामक र निपात प्रयुक्त छन् ।

यसरी चर्चित वाक्य सङ्ख्याहरूका श्रेणीमा विविध सम्बद्धकहुरुको कुसल प्रयोग वेखि सम्बद्धकहरूको फरक फरक प्रयोगले कथा कसिलो बनाएको छ।

## वाक्य सङख्या पचपन्न  देखि सत्तर सम्ममा रहेका वाक्यहरूमा प्रमुख सम्बद्धकहरूको पहिचान र विश्लेषण

वाक्य सङख्या पचपन्नदेखि सतत्तर सम्म)  मा रहेका वाक्यहरूमा प्रमुख सम्बद्धकहरूको पहिचान र विश्लेषण निम्नानुसार उल्लेखित गरिएको छ।

५५) मेरो चाहनु नचाहुनुमा फरकै के पर्छ र? चाहेर पनित सबै कहाँ पुग्छ र नचाहेर पनि के हुन्छ र? कुन त चाहेकै मन हो छाहनाले बेरिहल्छ ।

५६) एउटा पवित्र माया पवित्र सहरा र सुरक्षाको कल्पना हुन्छ । तर सबै कल्पना आखिर पानिको कोका झै पट्ट फुटेर बिलाउँछन् ।

५७)मैले यति भन्न के भ्याएँथे एककासि मैले  आफूलाइ सुवोध को आवेशपुर्ण अगाँलामा पाएँ ।

५८)"ममता ! तिम्रो भावना बिझें  ।

५९) यो अंगालो ञिन्दगीभर फत्कने छैन न त पानिको फोका झै फुट्ने  छ ।

६०)लोश्नेको  न्यानो अंगालो  नपाएको एक बर्षपछि सोबोधको न्यानो अंगालो पाउँदा मलाइ  रमाइलो त लाग्यो  तर म अकमकिएँ ।

६१) के गरुँ के गरुँ जस्तो भयो ।

६२) अनजानमै भलभल निस्केको आसुँलाई  सुबोधले आफना हातले पुछिर रहनुभयो।

६३) धेरै बेरसम्म उहाँको हात पन्छाइनँ ।

६४) विश्वास र मायाले धेरै पछि उहाँलाई देवता मान्न थालें ।

६५) उहाँको मायालाई अनुपम उपहार सम्झें ।

६६) प्रसन्नता पूर्वक हामी एकअर्काको प्रेम स्विकार्‍यौं ।

६७) त्यो दिन मेरा लागि ढकमक्क भएर न्यानो घाम लाग्यो ।

६८) नाङ्गिसकेका मियालका हाँगामा ढकमक्क फूल फुल्न लागे ।

६९) मेरो चारैतर्फ कनकचम्पाको मिठो बास्ना फैलिन थाल्यो ।

७०) हामी धेरैबेर कोठामा बस्यौं ।

तालिका — ६

वाक्य सङ्ख्या पचपन्नदेखि सत्तरीसम्म रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण ।

| **वाक्य सङ्ख्या** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| ५५ र ५६ | सार्वानामिक<br>निपात<br>संयोजक<br>निपात<br>संयोजक<br>स्थानिक | मेरो<br>पनि<br>र<br>त<br>तर<br>पवित्र | |
| ५६ र ५७ | सार्वनामिक<br>स्थानिक | मैले<br>आँगालामा | |
| ५७ र ५८ | सार्वनामिक | न<br>त<br>यो | |
| ५९ र ६० | सार्वनामिक | एक वर्ष पछि<br>तर<br>त<br>म | |
| ६१ र ६२ | सार्वनामिक | आफ्ना | |
| ६२ र ६३ | सार्वनामिक | उहाँ | |
| ६४ र ६५ | स्थानिक<br>संयोजक | उपहार<br>र | |
| ६५ र ६६ | सार्वनामिक | हामीले | |

| | | | |
|---|---|---|---|
| ६६ र ६७ | सार्वनामिक<br>कालिक | त्यो<br>दिन | |
| ६७ र ६८ | सार्वनामिक<br>स्थानिक | मेरा<br>ढकमक्क | |
| ६८ र ६९ | सार्वनामिक<br>स्थानिक | मेरो<br>वास्ना<br>कुनाकाप्चाको | |
| ६९ र ७० | सार्वनामिक | हामी | |

माथिका तालिकामा उल्लेख भएअनुसार वाक्यसङख्या ५५ र ५६ बिचमा सार्वनामिक, निपात, संयोजक र स्याविक सम्बद्धकहरू प्रमुख प्रयुक्त छन् । वाक्यसङ्ख्या ५६ र ५७ का बिचमा सार्वनामिक, स्यानिक मैले, अँगालामा सम्बद्धकहरू प्रयुक्त छन् । वाक्यसङ्ख्या ५६ र ५६ का बिचमा दुई पटक निपात र सार्वनामिक सम्बद्धक दड प्रयुक्त छन् । ५८ र ५९ का बिचमा कालिक, संयोजक, निपात र प्रथमपुरुष सम्बद्धक छ क्रमशः एक वर्ष पछि तर, त र म आइरहनुपने सम्बद्धकहरू प्रयुक्त छन् । वाक्यसङ्ख्या ६० र ६१ सार्वनामिक सम्बद्धक प्रयोग भएका छन् । त्यस्तै ६१ र ६२ र ६३ सार्वनामिक प्रयुक्त शब्दमा उहाँ प्रयोग भएका छन् । वाक्यसङ्ख्या ६४ र ६५ का बिचमा स्थांनिक र संयोजक का सम्बद्धकहरू प्रयुक्त छ । ६६, ६७ र ६८ का बिचमा सार्वनामिक, कालिक स्थानिक प्रयुक्त रहेको छन् । वाक्यसङ्ख्या ६९ र ७० का रूपमा सार्वनामिक र स्थानिक सम्बद्धकहरूका रूपमा प्रयुक्त छन् ।

यसरी चर्चित छैठौ वाक्य सङ्ख्या श्रेणीमा विविध सम्बद्धकहरूको कुशल प्रयोग देखिन्छ । सम्बद्धकहरू फरक फरक प्रयोगले कथा कसिलो र रसिलो बनाएको छ।

**निर्धारित पाठको सातौं वाक्यसङ्ख्या श्रेणी वाक्यसङ्ख्या एकहत्तरदेखि बयासी सम्म मा रहेका वाक्यहरूमा प्रयुक्त सम्बधकको पहिचान र विश्लेषण**

वाक्य सङ्ख्याहरू

७१) उहाँ फर्किनुभएपछि मनभित्र अनेक किसिमका विचार खेल्ने थाले ।

७२) के, मैले कुबाटामा टेकेकी त छैनँ ?

७३) मैले राम्रो गरे त ?

७४) के निर्णय छिटो त भएन ?

७५) मेरा छोटा छोटीको भविष्य के होला ?

७६) हिसाबै गर्ने हो भने मान्छेको सोचाइले त ब्रह्माण्डै ढाक्छ ।

७७) सोच्दैमा त्यो हुने पर्छ भने त थिएन ।

७८) उहाँले त्यसो गर्नासाथ मैले उहाँलाई झट्ट स्विकार्न किन पर्थ्यो र ?

७९) के म आफनो लागि आफैंले खाल्डो खमिरहेकी त छैनँ ?

८०) आखिर सामाजिक प्रतस्ढा पनि वैयक्तिक मर्यादा र महत्वका लागि नभइनहुने पक्ष हो।

८१) त्यसैले यो समाज र परम्पराले समर्थनको सम्भावित प्रतिकारले मलाई झन् डर लाग्न थाल्यो।

८२ ) आखिर हाम्रो धार्मिक, सामाजिक परम्पराले यही देख्न चाहन्छ कि विधवा स्वास्नी मान्छे सधैं विधुवाकै रूपमा रहोस् ।

तालिका — ७

वाक्यसङ्ख्या एकहत्तरीदेखि बयासीसम्म रहेका वाक्यहरूमा प्रयुक्त शब्दहरूको पहिचान र विश्लेषण

| **क्र.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| ७१ र ७२ | सार्वनामिक<br>कालिक<br>प्रथम पुरुष<br>निपात<br>स्थानिक | उहाँ<br>भएपछि<br>मैले<br>त<br>कुबाटामा | तृतीय पुरुष |
| ७२ र ७३ | सार्वनामिक<br>निपात | मैले<br>त | |
| ७३ र ७४ | कालिक<br>निपात | छिटो<br>त | |
| ७४ र ७५ | सार्वनामिक<br>कालिक | मेरा<br>भविष्य | |
| ७५ र ७६ | संयोजक<br>निपात<br>स्थानिक | भने<br>त<br>ब्रह्माण्डै | |
| ७६ र ७७ | सार्वनामिक<br>निपात | त्यो<br>त | |
| ७७ र ७८ | सार्वनामिक<br>संयोजक<br>सार्वनामिक | उहाँले<br>र<br>किन | |
| ७८ र ७९ | सार्वनामिक | आफैं | |

| | | | |
|---|---|---|---|
| | प्रथम पुरुष<br>निपात | म<br>त | |
| ७९ र ८० | स्थानिक<br>निपात<br>संयोजक | सामाजिक<br>पनि<br>र | |
| ८० र ८१ | सान्दर्भिक<br>सार्वनामिक<br>संयोजक<br>स्थानिक<br>प्रथम पुरुष | त्यसैले<br>यो<br>र<br>परम्परा<br>मलाई | |
| ८१ र ८२ | सार्वनामिक<br>कालिक<br>सार्वनामिक | यही<br>चाहन्छ<br>मान्छे | |

माथिका तालिकामा उल्लेख भएअनुसार वाक्य सङ्ख्या ७१ र ७२ का बिचमा संयोजक, सार्वनामिक, कालिक, प्रथम पुरुष निपात र स्थानिक सम्बद्धकहरू क्रमशः उहाँ भएपछि, मैले, तर कुबाटाका प्रयुक्त छन् । वाक्य सङ्ख्या ७२ र ७३ का बिचमा सार्वनामिक, निपात रूपमा प्रयुक्त छन् । वाक्य सङ्ख्या ७३ र ७४ का बिचमा कालिक र निपात सम्बद्धकहरू क्रमशः छिटो त प्रयुक्त छन् । वाक्य सङ्ख्या ७४ र ७५ का बिचमा सार्वनामिक, कालिक शब्द सम्बद्धकहरू क्रमशः मेरो भविष्य प्रयुक्त छन् । वाक्य सङ्ख्या ७५ र ७६ को बिचमा संयोजक, निपात र स्थानिक सम्बद्धकहरू प्रयुक्त छन् । वाक्य सङ्ख्या ७६ र ७७ का बिचमा सार्वनामिक, निपात सम्बद्धकहरू क्रमशः त्यो, त, प्रयुक्त छन् । वाक्य सङ्ख्या ७७ र ७८ मा दुई सार्वनामिक र एक संयोजक प्रयुक्त छन् ।वाक्य सङ्ख्या ७८र ७९ का बिचमा सार्वनामिक, प्रथमपुरुष र निपात सम्बद्धकहरू प्रयुक्त छन् । वाक्य सङ्ख्या ७९ र ८० का बिचमा स्थानिक, निपात र संयोजक सम्बद्धकहरू क्रमशः

सामाजिक, पानी र  प्रयुक्त रहेका छन् । त्यस्तै वाक्य सङ्ख्या ८० र ८१ का बिचमा सन्दर्भक सार्वनामिक, संयोजक, स्थानिक र प्रथमपुरुष सम्बद्धकहरू क्रमशः त्यसैले, यो, र, परम्परा र मलाई प्रयुक्त रहेका छन् । वाक्य सङ्ख्या ८१ र ८२ का बिचमा २ सार्वनामिक र कालिक सम्बद्धकहरू क्रमशः यही, चाहन्छ, मान्छे प्रयुक्त छन् ।

**निर्धारित पाठको वाक्य सङ्ख्या ८३ देखि ९२ सम्म रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

वाक्य सङ्ख्या

८३. यसरी मनभरी कहिले खुसीका डोब देखिन्छ भने कहिले शंका उपशंका र लाजका छाया अगाडि पछाडि तेर्छिन थाले ।

८४. सोचौं भोलि समाजले भन्ने छ ? यो आईमाई लोग्नेको सतमा छैन ।

८५ लोग्नेलाई नर्कमा पारी ।

८६. यसरी सोच्दासोच्दै ममा विद्रोह उठ्यो किन यसरी डर मान्नु ?

८७. लोग्ने हुँदा हाम्रो जिन्दगी कति मनमोहक थियो !

८८. लोग्ने मेरालागि सर्वस्व हुनुहुन्थ्यो ।

८९. उहाँ पछि आफ्नो र छोराछोरीका लागि साहारा र माया खोजें त के बिराएँ मैले ?

९०. परम्परा र बन्धनलाई तोडेर के अपराध गरें मैले ?

९१. समयको माग पनि यही हो ।

९२. दुई दिनको जिन्दगीलाई किन मरुभूमि बनाउने ?

तालिका — ८

वाक्यसङ्ख्या त्रैयासीदेखि बयानब्बेसम्म रहेका वाक्यहरूमा प्रयुक्त शब्दहरूको पहिचान र विश्लेषण

| क.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ८३ र ८४ | सार्वनामिक | यसरी | |
| | कालिक | कहिले | |
| | संयोजक | भने | |
| | कालिक | अगाडि-पछाडि | |
| | संयोजक | र | |
| | कालिक | अलि | |
| | सार्वनामिक | यो | |
| ८५ र ८६ | सार्वनामिक | यसरी | |
| | सार्वनामिक | किन | |
| | स्थानिक | नर्क | |
| ८७ र ८८ | सार्वनामिक | कति | |
| | सार्वनामिक | मेरा | |
| ८९ र ९० | सार्वनामिक | उहाँ | |
| | संयोजक | र | |
| | निपात | त | |
| | सार्वनामिक | मैले | |
| | सार्वनामिक | आफ्नो | |
| ९१ र ९२ | कालिक | समय | |
| | निपात | पनि | |
| | कालिक | दुई दिन | |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक<br>स्थानिक | किन<br>मरुभूमि | |

माथिका तालिकामा उल्लेख भएअनुसार वाक्य सङ्ख्या ७१ र ७२ का बिचमा संयोजक, सार्वनामिक, कालिक, प्रथमपुरुष, निपात र स्थानिक सम्बद्धकहरू क्रमशः उहाँ, भएपछि, मैले, तर, कुबाटाका प्रयुक्त छन् वाक्य सङ्ख्या ७२ र ७३ का बिचमा सार्वनामिक, निपात रूपमा प्रयुक्त छन् । वाक्य सङ्ख्या ७३ र ७४ का बिचमा कालिक र निपात सम्बद्धकहरू क्रमशः छिटो त प्रयुक्त छन् । वाक्य सङ्ख्या ७४ र ७५ का बिचमा सार्वनामिक कालिक शब्द सम्बद्धक हरू क्रमशः मेरो भविष्य प्रयुक्त छन् । वाक्य सङ्ख्या ७५ र ७६का बिचमा संयोजक निपात र स्थानिक सम्बन्धहरू प्रयुक्त छन्।वाक्य सङ्ख्या ७६ र ७७ का बिचमा सार्वनामिक निपात सम्वद्धकहरू क्रमशः त्यो त प्रयुक्त छन् वाक्य सङ्ख्या ७७ र ७८ का ७८ मा दुई सार्वनामिक र एक संयोजक प्रयुक्तता छन्। वाक्य सङ्ख्या ७८ ७९ का बिचमा सार्वनामिक धामिक प्रथमपुरुष र निपात सम्वद्धकहरू प्रयुक्त छन्। वाक्य सङ्ख्या ७९ र ८० का बिचमा स्थानिक निपात र संयोजक सम्बद्धकहरू क्रमशः सामाजिक पनि र प्रयुक्त रहेका छन्। त्यस्तै वाक्य सङ्ख्या ८० र ८१ का बिचमा सन्दर्भ, सार्वनामिक, संयोजक स्थानिक र प्रथमपुरुष सम्बद्धकहरू क्रमशः त्यसैले यो, र, परम्परा र मलाई प्रयुक्ता रहेका छन्। वाक्य सङ्ख्या ८१ र ८२ बिचमा दुई सार्वनामिक र कालिक सम्बद्धकहरू क्रमशः यही, चान्हन्छु, मान्छे प्रयुक्त छन्।

➢ निर्धारित पाठकको नवौं वाक्यसङ्ख्या श्रेणी (वाक्य सङ्ख्या दोमन बाटो देखि) रहेका वाक्यहरूमा प्रयुक्त सम्बद्धक को पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ।

**निर्धारित पाठको वाक्य सङ्ख्या ९३ देखि ९९ सम्म रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

**वाक्य सङ्ख्या**

९३. नोरस जिन्दगीलाई रसाउने मायाको सङ्लो नदी चाहिन्छ।

९४. छहारीदार ओत चाहिन्छ।

९५. जिन्दगी हाँसो रोदन, दुख पीडाको, कथा ब्यथाले भरिएको सामूहिक भेल हो।

९६. आपत सुख र दुख सबैलाई पर्छ।

९७. सबैले सबै कुरा भोग्नु नै पर्छ।

९८. पिरले तप तप चुहिएर बस्नुभन्दा खुशी खुशी भएर बाच्नु पर्छ।

९९. यसरी सोच्दा मैले ठीक निर्णय गरेजस्तो लाग्यो।

तालिका — ९

वाक्यसङ्ख्या ९३ देखि ९९ सम्म रहेका वाक्यहरूमा प्रयुक्त शब्दहरूको पहिचान र विश्लेषण

| क्र.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ९३ र ९४ | स्थानिक | ओत | |
| ९४ र ९५ | कालिक | भेल | |
| ९५ र ९६ | कालिक<br>सार्वनामिक<br>संयोजक | आपत<br>सबै<br>र | |
| ९६ र ९७ | निपात<br>सार्वनामिक | नै<br>सबै | |
| ९७ र ९८ | सान्दर्भिक | तपातप | चुहिएर |
| ९८ र ९९ | सार्वनामिक<br>प्रथम पुरुष | यसरी<br>मैले | |

| | | | |
|---|---|---|---|
| | कालिक<br>कालिक<br>कालिक | निर्णय<br>लाग्यो<br>ठिक | |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्य सङ्ख्या ९३ र ९४ का बिचमा स्थानिक सम्बद्धक रहेको वाक्य सङ्ख्या ९४ र ९५ का बिचमा कालिक, सार्वनामिक सम्बद्धकहरू प्रयुक्त रहेको छ । ९५ र ९६ का विचमा सार्वनामिक र संयोजक सम्बद्धक क्रमशः आपस सबै, र प्रयुक्त छन् । त्यस्तै वाक्य सङ्ख्या ९६ र ९७ का बिचमा निपात सार्वनामिक सम्बद्धकहरू प्रयुक्त छन् । वाक्य सङ्ख्या ९७ र ९८ का बिचमा सन्दर्भक सम्बद्धक रहेको छ । त्यस्तै वाक्य सङ्ख्या ९८ र ९९ बिचमा सार्वनामिक, प्रथम पुरुष, कालिक तीनपटक सम्बद्धकहरू क्रमशः यसरी मैले निर्णय लाग्यो ठीक प्रयोग भएका प्रयुक्त छन् ।

यसरी चर्चित नवौं वाक्य सङ्ख्याहरू श्रेणीमा विभिन्न प्रकारका सम्बद्धकहरूको बाकलो प्रयोगले पाठलाई कसिलो बनाएको देखिन्छ।

**निर्धारित पाठको १०० देखि १०८ सम्ममा वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

निर्धारित पाठको १०० देखि १०८ सम्ममा वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ ।

वाक्य सङ्ख्या

१००. त्यसपछि सुबोध मकहाँ दिनदिनै आउन थाल्यो ।

१०१. अग्लो गोरो स्मार्ट ख्यालठट्टा गर्नुपर्ने सुबोधको स्वभाव थियो ।

१०२. मेरो लोग्नेमा पनि त्यस्तै ब्यक्तित्व थियो तर धेरै चुरोट खाने एउटा बानी सुबोधको मन पर्दैनथ्यो तापनि भन्ने साहस पनि गर्दिनथें ।

१०३. त्यसै त मेरो स्वभाव गम्भीर थियो ।

१०४. त्यसमा पनि आफ्ना चुरा फुटे पछि त म मुक नै जस्तै बनें ।

१०५. एकदिन वहाँको सास निकै गन्हायो अनायास अनुनय स्वरमा भनें ।

१०६. चुरोटको गन्ध मलाई पटक्कै मन पर्दैन ।

१०७. तपाई बढी नै चुरोट पिउनु हुन्छ ।

१०८. स्वास्थ्यका लागि पनि राम्रो होइन ।

तालिका — १०

वाक्यसङ्ख्या एकसयदेखि एकसय आठसम्म रहेका वाक्यहरूमा प्रयुक्त शब्दहरूको पहिचान र विश्लेषण

| **क्र.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| १०० र १०१ | कालिक<br>कालिक<br>स्थानिक | त्यसपछि<br>दिनदिनै<br>अग्लो | समय<br>प्रत्येक दिन |
| १०१ र १०२ | सार्वनामिक<br>निपात<br>संयोजक<br>सान्दर्भिक | मेरो<br>पनि<br>तर<br>साहस | प्रथम पुरुष<br><br><br>अग्रसान्दर्भिक |
| १०२ र १०३ | निपात<br>सार्वनामिक | त<br>मेरो | |
| १०३ र १०४ | प्रथम पुरुष<br>निपात<br>कालिक<br>निपात<br>सार्वनामिक | म<br>पनि<br>फुटेपछि<br>नै<br>आफ्ना | |

| | | | |
|---|---|---|---|
| | स्थानिक | चुरा | |
| १०४ र १०५ | कालिक<br>सार्वनामिक<br>संयोजक<br>अंश सन्दर्भक | एक दिन<br>उहाँ<br>र<br>स्वर | समय<br>तृतीय पुरुष |
| १०५ र १०६ | सार्वनामिक<br>स्थानिक | मलाई<br>गन्ध | |
| १०६ र १०७ | सार।वनामिक<br>स्थानिक | मलाई<br>गन्ध | |
| १०७ र १०८ | निपात<br>सन्दर्भक<br>स्थानिक | पनि<br>राम्रो<br>स्वास्थ्यका | |

माथिका तालिकामा उल्लेख भएअनुसार वाक्य सङ्ख्या १०० र १०१ का बिचमा कालिक दुईपटक र स्थानिक का रूपमा प्रयोग भएका छन् । त्यस्तै वाक्य सङ्ख्या १०१ र १०२ का बिचमा सार्वनामिक, निपात, संयोजक र सन्दर्भक सम्बद्धक क्रमशः मेरो, पनि, तर र साहस प्रयुक्त छन् । वाक्य सङ्ख्या १०२ र १०३ का बिचमा निपात र सार्वनामिक सम्बद्धकहरू प्रयोग भएका छन् । वाक्य सङ्ख्या १०३ र १०४ प्रथम पुरुष, निपात, कालिक, निपात, सार्वनामिक, स्थानिक, सम्बद्धकहरू प्रयुक्त रूपमा प्रयोग भएका छन् । वाक्य सङ्ख्या १०४ र १०५ सम्बद्धकमा कालिक, सार्वनामिक, संयोजक र अग्र सन्दर्भकमा एकदिन, उहाँ, र स्वर प्रयुक्त शब्द भएको देखिन्छ । त्यस्तै वाक्य सङ्ख्या १०५ र १०६ मा बिचमा सार्वनामिक र स्थानिक प्रयुक्त छन् । वाक्य सङ्ख्या १०६ र १०७ का बिचमा सार्वनामिक र निपात सम्वद्धकका तपाईं नै प्रयुक्त छन् । वाक्य सङ्ख्या १०७ र १०८ का बिचमा निपात सन्दर्भक र स्थानिक सम्बद्धक क्रमशः पनि राम्रो स्वास्थ्यका प्रयुक्त छन् ।

यसरी चर्चित आठौं वाक्य सङ्ख्या श्रेणीमा विविध प्रकारका सम्बद्धकहरूको वाक्लो प्रयोगले पाठलाई कसिलो बनाएको छ ।

**निष्कर्ष**

सम्पादनद्वारा लिखित स्मरणात्मक कथा रिपोर्ताजमा प्राकृतिक परिवेशको सुन्दर चित्रण गरिएको मातृत्त्व कथा एक उत्कृष्ट कथा हो यसमा सम्पादकले समाजमा परिवारमा हिंसा आदि अशुभ भागबाट मनलाई हटाएर आत्मबल केन्द्रित गर्नु अष्टाङ्ग योगको पहिलो अङ्ग ईश्वरको परिणामका नियम विभेदको प्रयोगात्मक विरोध गरेका छन् । प्रायः लेखकहरू यस्ता नियममा काल्पनिक र आदर्श कुराको पात्र अघि सार्छन् तर प्रस्तुत पाठमा रिपोर्ताज समसामयिक विषय माथि आखिर जीवन नै नाटक हो । सन्सार नै रंगमंच हो तयार पारिन्छ । यसमा सर्जकले आफ्नो मनका अनुयायीहरू माया प्रेमको शैलीमा प्रस्तुत गर्ने हुँदा आकारगत दृष्टिले यो लामो वा छोटो दुवै हुन सक्छ भने सकारात्मक सोच एक विधुवा नारीमा शारीरिक माया भन्दा मानसिक गर्ने पुरुषको खोजमा आफ्नो सोच राख्नु र संघर्ष गर्न थाल्नु भन्नेजस्ता विषयहरूलाई अगाडि सारेका छन् । निराशा हुनुहुँदैन । आफैबाट सकारात्मक सोच सन्देश दिने कार्य थाल्न सक्नुपर्ने विचार मातृत्त्व कथा मार्फत प्रस्तुत भएको छ । यसरी मातृत्त्व कथाले आफ्ना विचारहरू प्रस्तुत गरिरहँदा के कस्तो भाषिक जोर्नीहरूको प्रयोग गरेका छन् ? के कस्ता भाषिक संरचना र अव्ययहरूको उनाइ र बुनाइद्वारा भाषिक वा तत्वलाई परिपुष्टता प्रदान गरेका छन् ? भनी खोजी गर्ने काम अध्याय ३ मा भएको छ । यसलाई सम्बद्धकका दृष्टिले मातृत्त्व कथा रिपोर्ताज को पहिचान वर्गिकरण र उपयुक्तताका दृष्टिले विश्लेषण भन्ने शीर्षक दिइएको छ ।

निर्धारित पाठमा ४० अनुच्छेदहरू रहेका छन् । ४० अनुच्छेदबाट १०८ वाक्यहरूबाट श्रेणी निर्धारण गरी प्रत्येक वाक्यहरूमा बिचमा प्रयुक्त भाषिक जोर्नी वा सम्बद्धकहरूमा स्थानिक, कालिक, सार्वनामिक, प्रथमपुरुष, तृतीय पुरुष, आत्मवाचन, सम्बन्धवाचक, लोप, प्रतिस्थापन अग्रसन्दर्भक, प्रश्नवाचक, अनिश्चयवाचक, निश्चयवाचक,

निपात, संयोजक, पर्याय, विपर्याय आदि रहेका छन् । निर्धारित कथाको वाक्य सङ्ख्या श्रेणी १ देखि १०८ सम्म प्रयुक्त सबै सम्बद्धकहरूको चर्चा तथा विश्लेषण माथि नै भइसकेको छ । समग्रमा सम्बद्धकहरूको प्रयोग, उपयुक्तता र पाठको उनाइ एवम् बुनाइका दृष्टिले मातृत्त्व कथा सबल र सफल देखिन्छ।

# अध्याय ५ : सारांश र निष्कर्ष

कुनै पनि साहित्यिक कृतिलाई सङ्कथन विश्लेषण गर्नुभन्दा पहिले सैद्धान्तिक आधार जान्नु जरुरी रहन्छ । सैद्धान्तिक आधारमा रहेर मातृत्त्व कथामा रहेका प्रयुक्त सम्बद्धक र सम्बन्धनको खोजी तथा विश्लेषण गर्ने समस्यालाई लिएका छन् । उक्त समस्याको समाधानका लागि सङ्कथन विश्लेषणका सैद्धान्तिक आधार गरी मातृत्त्व कथामा भएका सम्बद्धक र सम्बन्धनको पहिचान गरिएको छ । सम्बद्धक र सम्बन्धनका दृष्टिले मातृत्त्व कथाको उपयुक्तता निर्क्योल गर्ने उद्देश्य राखिएको छ । ती उद्देश्य पूर्ति गर्नका लागि मुख्य रूपमा पुस्तकालयीय विधिलाई प्रयोग गरिएको छ । यसका साथै अप्रकाशित शोधपत्र र प्रकाशित कृति सङ्कथन सम्बन्धितलाई लिइएको छ । भने सङ्कथन विश्लेषण सम्बन्धी विशेषज्ञको सल्लाह सुझाव र छलफललाई पनि आधार मानी सैद्धान्तिक आधार तयार गरिएको छ । उक्त सैद्धान्तिक आधारमा रही अध्ययनको विश्लेषण प्रस्तुत गरिएको छ ।

सामान्य अर्थमा सङ्कथन वाक्य भन्दा माथिल्लो स्तरको भाषिक एकाइको स्तर हो तर व्यापक अर्थमा भाषिक अभिव्यक्ति हो । जुन कथ्य र लेख्य दुवै हुन सक्छ । सङ्कथन सन्दर्भ अनुसार १ देखि अनेकौं वाक्यमा संरक्षित हुन सक्छन् । साथै कुनै विषय वा कथनको सिलसिलामा संरचित हुन सक्छन् । साथै कुनै विषय वा कथनको सिलसिला र पूर्णता पक्षमा निहित हुन्छ ।

प्रायोगिक भाषा विज्ञानको नवीन शाखाका रूपमा विकसित सङ्कथन विश्लेषण सङ्कथन निर्माणमा प्रयुक्त घटकहरूको पहिचानका बिचमा रहेका संरचनागत र अर्थगत सम्बन्धको खोजी तथा विश्लेषण गर्दछ । कुनै पनि पाठका सङ्कथन विश्लेषणबाट सम्बद्धक र सम्बन्धनको पहिचान र वर्गीकरण तथा विश्लेषण गरी सङ्कथन निर्माणमा तिनको भूमिका विश्लेषण गरिन्छ । भाषिक सन्दर्भका सर्वप्रथम सङ्कथन विश्लेषण शब्दको प्रयोग जेलिन ह्यारिसले सन् १९५२ मा गरेका छन् । उनले हेयर टनिकको विज्ञापनको भाषालाई उदाहरणका रूपमा विश्लेषण गरेर सङ्कथनका पनि वाक्य व्याकरण विस्तारित

हुने कुरा बताए । पछि बिस्तारै सङ्कथन विश्लेषण विकसित हुँदै गएर प्रायोगिक भाषा विज्ञानको नवीनतम शाखाको रूपमा स्थापित भएको हो ।

सङ्कथन विश्लेषण कहाँबाट र कसरी अघि बढ्ने भन्ने सङ्कथन पद्धति हो। सङ्कथन पद्धति उर्ध्वगमन, अधोगमन र अन्तरक्रियात्मक मध्ये कुनै एक पद्धति उपयोग गरेर विश्लेषण गरिने सङ्कथनका महत्वपूर्ण भूमिका सम्बद्धक र सम्बन्धनको रहन्छ । तिनैका क्रमबद्धता र व्यवस्थित सङ्गठनका कारण भाषा सम्प्रेषणीय हुन्छ । त्यसकारण कुनै पनि पद्धति निर्माणमा के-कस्ता सम्बद्धक र सम्बन्धनको प्रयोग भएको छ र तिनको स्थिति र उपयुक्तता के कस्तो रहेको छ भन्ने कुराको खोजी र विश्लेषण गर्न आवश्यक हुन्छ ।

सङ्कथन भाषा अनुसार फरक फरक हुने गर्दछन् । नेपाली भाषामा प्रयोग हुने सम्बद्धकलाई व्याकरणिक र कोशीय गरी दुई प्रकारका छन् । प्रस्तुत मातृत्त्व शोधपत्रमा व्याकरणिक अन्तर्गत सार्वनामिक सम्बद्धक, स्थानिक सम्बद्धक, संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, संयोजन सम्बद्धक र कोशीय अन्तर्गत पर्यायवाची सम्बद्धक र विपरीतार्थी सम्बद्धकको सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । त्यसैगरी सम्बन्धन अन्तर्गत सामान्य विशिष्ट सम्बन्धन, विशिष्ट सामान्य सम्बन्धन र कार्य कारक सम्बन्धनको सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ ।

## निष्कर्ष

मातृत्त्व कथाको निष्कर्ष समस्या कथनमा रही निकालिएको सम्बद्धक अन्तर्गत सार्वनामिक सम्बद्धकको चर्चा गरिएको छ । व्याकरणिक र अन्तर वाक्यीय कथन खण्डलाई शृङ्खलाबद्ध गरी प्रस्तुत भएको र सार्वनामिक कतै अग्रसम्बद्धक र कतै पश्चसम्बद्धक भई के कस्ता कार्य गरेका छन् भन्ने विश्लेषण गरिएको छ । यस सम्बद्धकमा म, हामी, मैले, मलाई, यही, यहाँ आदिजस्तो सार्वनामिक सम्बद्धकहरू आएका छन् । स्थानिक सम्बद्धकका

स्थान विशेष बुझाउनलाई विश्लेषण गरिएको छ । संयोजक सम्बद्ध शब्द-शब्द, पदावली-पदावली, वाक्यांश-वाक्यांशबिच संयोजन गर्ने शब्दलाई संयोजक सम्बद्धकका रूपमा लिइएको छ । यस सम्बद्धकका पनि र तापनि, तर आदि शब्द आएका छन् । प्रतिस्थापन सम्बद्धकपूर्ण प्रस्तुत शब्द पदावलीका सट्टा अर्को शब्द छनौट शब्द छनौट गरी काम चलाउनलाई लिएर आउने शब्द प्रतिस्थापन सम्बद्धक भनी सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । भने निपात सम्बद्धकमा कुनै खास शब्द वा सिङ्गो वाक्यकमा आश्रित रही आएका शब्दको बारेमा विश्लेषण गरिएको छ । यस सम्बद्धकमा नै, पनि, त आदि शब्द आएका छन् । त्यस्तैगरी कोशीय सम्बद्धक अन्तर्गत पर्यायवाची सम्बद्धकमा भिन्न भिन्न शब्द भएपनि अर्थ एउटै समान बुझाउने शब्दका रूपमा लिइन्छ । यस सम्बद्धकमा हल्लाखल्ला, जसोतसो, गफगाफ, पीडा-दुःख आदि शब्द आएका छन् । भने विपरीतार्थी सम्बद्धकमा प्रस्तुत शब्दको उल्टो अर्थ दिने शब्दका आधारमा विश्लेषण गरिएको छ । यस सम्बद्धकमा आउने, जाने, केटाकेटी, उकाली-ओराली, कुर्ता-सुरुवाल, तल-माथि आदि शब्द आएका छन् ।

सम्बन्धन अन्तर्गत सामान्य विशिष्ट सम्बन्ध, सामान्य सम्बन्ध र कार्यकारण सम्बन्धको सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । सामान्य विशिष्ट सम्बन्ध पहिलो वाक्य सम्बन्ध सामान्य भई दोस्रो वाक्य विशिष्ट भएको आवस्थामा सामान्य विशिष्ट सम्बद्धकको विश्लेषण गरिएको छ । विशिष्ट सामान्य सम्बन्धमा पहिलो वाक्य विशिष्ट भई आएर दोस्रो वाक्य समान्य भएमा विशिष्ट सामान्य सम्बन्ध विश्लेषण गरिएको छ । भने कार्यकारण सम्बन्धमा पहिलो वाक्यमा कार्य भई दोस्रो वाक्यमा कारण आएमा कार्यकारक सम्बन्धको विश्लेषण गरिएको छ ।

मातृत्त्व कथाको सम्बद्धक सम्बन्धन फरक-फरक भएपनि वाक्यहरूलाई अध्ययन गर्नु रहेको छ । सम्बद्धकले एउटा सिङ्गो वाक्यलाई अध्ययन गर्दछ भने सम्बन्धनले वाक्यबिच भएको आपसी सम्बन्धलाई अध्ययन गर्दछ । यो एक अर्का बिच अन्तरसम्बन्धित भएर यस शोधकार्यमा आएको छ ।

निष्कर्षमा भन्नुपर्दा मातृत्त्व कथालाई पूर्वपाठ सङ्कथन मानेर सम्बद्धक र सम्बन्धनको प्रयोगको दृष्टिले यस कथा उपयुक्त नै रहेको देखिन्छ ।

## शोधको उपयोगिता र कार्यान्वयन

प्रायोगिक भाषा विज्ञानको एक नवीनतम् शाखाका रूपमा दिन-प्रतिदिन विकसित हुँदै गरिरहेको सङ्कथन विश्लेषण भाषाको सबैभन्दा ठूलो एकाइ हो । यो व्याकरण भन्दा माथिको कुरा हो । सङ्कथन विश्लेषणका आधारमा भाषिक पाठ वा अभिव्यक्तिको साङ्गठनिक प्रक्रिया पहिल्याउने वर्णनात्मक ढाँचा प्राप्त गर्न सकिन्छ । भाषाको प्रयोग र मानवीय मनका कुराहरू अरूको सामु पुऱ्याउनु सक्षम प्रस्तुत गर्नुहुन्छ । यसरी प्रयुक्त भाषा विभिन्न दृष्टिले सार्थक हुनुपर्दछ । अतः प्रयुक्त भाषाको सङ्कथन विश्लेषण गरी कमीकमजोरी र राम्रा पक्षबारे जानकारी लिन सकेमा यसले भाषाको प्रयोक्ता सबैलाई फाइदा पुग्ने देखिन्छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६५), सामाजिक र प्रायोगिक भाषा विज्ञान, काठमाडौ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७४), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं, रत्न पुस्तक भण्डार।

आचार्य, व्रतराज (२०६२), आधारभूत नेपाली व्याकरण तथा रचना, ललितपुर : साझाप्रकाशन ।

गौत्तम, इन्दिरा (२०७१), झोला कथाको सङ्कथन विश्लेषण (अप्रकाशित स्नातकोत्तर शोधपत्र)

गोत्तम, रामप्रसाद (२०६४), चिलाउने चवरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर ।

जैसी, कृष्णप्रसाद (२०६४), तीन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण, (अप्रकाशित स्नात्कोत्तर शोधपत्र) त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर ।

ढकाल, उर्मिला (२०६७), मधेशतिर कथाको सङ्कथन विश्लेषण (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि. ।

ढकाल, शान्तिप्रसाद (२०७३) प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम, काठमाडौं : पिनाकल पब्लिकेशन एण्ड डिस्ट्रिब्युटर्स ।

नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना अनुसन्धानात्मक समालोचना (२०६३), मोरिएन्टल पब्लिकेसन, काठमाडौं"

पौडेल, माधवप्रसाद (२०६९), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम, काठमाडौं, हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, माधवप्रसाद (२०६९, प्रथम संस्करण) प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू, काठमाडौः भोटाहिटी।

बराल, कृष्नहरि र नेत्र एटम (२०६९), नेपाली कथा र उपन्यास, काठमाडौं : अक्सफोर्ड इन्टरनेश्नल पब्लिकेसन प्रा.लि. अनामनगर ।

भट्टराई, रामप्रसाद (२०६८), भाषिक अनुसन्धान विधि, काठमाडौं :शुभकामना प्रकाशन।

भण्डारी, पारसमणि तुलसीराम घिमिरे र शक्तिकरण नेपाल (२०६८), प्रायोगिक भाषाविज्ञान, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार।

भण्डारी, विद्यादेवी (२०७३) अछुत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : केन्द्रिय नेपाली भाषा विभाग, त्रि.वि.।

भुसाल, केशव (२०६९) सङ्कथन विश्लेषण :सम्बद्धक र सम्बन्धन सम्प्रेषण, अङ्क ७ वर्ष २०६९, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

लम्साल, रामप्रसाद र अन्य (२०६४), प्रायोगिक भाषाविज्ञान काठमाडौं : भुँडीपुराण प्रकाशन।

<u>परिशिष्टहरू</u>

परिषशिष्ट — १

मातृत्त्व कथा रिपोर्ताजमूलक रचना

(विश्लेष्य कथाको पूर्ण पाठ)

पाठ ८

# मातृत्व

*भागीरथी श्रेष्ठ*



केही महिनाअघिको कुरा हो, एउटा शनिबार सदा झैं म झ्यालमा बसेर उहाँको बाटो हेर्दै थिएँ । मेरो दशवर्षीय ठुलो छोरा भर्खर नुहाएर कोठामा पस्यो । उसले लुगा फेर्दै सोध्यो, "आमा ! के हेरिराख्नुहुन्छ तपाईं सधैं ?"

छोराको प्रश्न सुनेर मनमा लाग्यो, सानातिना कुरामा किन झुट बोल्नु ? हुन त कतिपय कुरामा छोरासँग झुट बोलेकी छु तर यसो गर्दा मलाई कत्ति सन्तोष लाग्दैनथ्यो । योभन्दा बढ्ता असन्तोष त्यति बेला लाग्थ्यो जति बेला छोराले मेरो कुरामाथि विश्वास गर्दैनथ्यो र उल्टो शङ्का गर्थ्यो । त्यतिखेर मेरो अनुहार जङ्गलमा झारिएको रुखको ठुटो जस्तै हुन्थ्यो । पश्चात्ताप र ग्लानिले मेरा दुवै नेत्र रसाउन थाल्थे ।

अहिले सोधेको प्रश्नको जबाफ हुन त जे भन्दिए पनि हुन्थ्यो तर नभएको कुरा भन्न मन लागेन ।

"केही हैन छोरा ! सुबोध अङ्कललाई"

"किन दिनदिनै आउनुहुन्छ हामीकहाँ ?" नरुचाए झैं गरी उसले प्रश्न गऱ्यो ।

"किन तिमीलाई मन पर्दैन र ? उहाँले तिमीहामी सबैलाई माया गर्नुहुन्छ ।"

उसको मुख र प्रश्नमा झल्केको अरुचिमा विश्वास दिलाउनुपर्छ भन्ने विचारले म पूर्वाग्रह पीडित थिएँ ।

"आमा ! सुबोध अङ्कल मन पर्दैन मलाई" छोराको कुरा सुनेर म झस्कें । उसको भनाइमा नैराश्य बिम्बित हुन्थ्यो ।

"किन छोरा त्यस्तो भनेको ? उहाँ राम्रो अङ्कल हुनुहुन्छ । त्यसो नभन है छोरा !" सम्झाउँदै भनें ।

"तपाईं नहुँदा हामीलाई कस्तो हपार्नुहुन्छ, गाली गर्नुहुन्छ, बुबाले जस्तो माया गर्नुहुन्न । आमा ! अबदेखि सुबोध अङ्कललाई हामीकहाँ नआउनू भन्नुस् न ।" पिलपिलाउँदो र उपेक्षाको भावले

छोराले आफ्नो बालसुलभ वास्तविकता पोख्यो ।

यो सत्यतालाई मैले बुझेर पनि बुझ पचाउँदै आइरहेकी थिएँ ।

"हुन्छ छोरा भन्छु तर अहिले होइन अलि पछि भन्ने छु ल !"

छोराको अनुहार खुसीले उज्यालो भएको स्पष्ट देखिन्थ्यो ।

छोराको भनाइले मेरो मन भने भित्रभित्रै चस्कन थाल्यो । मेरो मस्तिष्कमा अतीतका कुरा खेल्न थाले ।

सुबोध मेरो लोग्नेको मिल्ने साथी । एउटा दुःखदायी हवाईजहाज दुर्घटनाले मेरा छोराछोरीलाई टुहुरा बनायो । कलकलाउँदो उमेरमै मेरो सिन्दूर पुछियो । मेरा चुरा फोरिए ।

सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो । आश्वासन दिनुहुन्थ्यो । माया दर्साउनुहुन्थ्यो तर पनि मैले अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थें । लोग्नेको अभाव महसुस गर्थें । त्यो सिङ्गै घर मलाई सुरुङ जस्तै लाग्थ्यो । जिन्दगीमा धेरै कुरा हराए जस्तै थिए । यसरी मैले आफू र छोराछोरीलाई साह्रै असुरक्षित अवस्थामा पाएँ । मैले सुरक्षा चाहन्थें । टेक्ने हाँगाको खोजीमा थिएँ म । मायाको निर्मल आकाश चाहन्थें म । लाग्थ्यो, संसारमा एउटा कोही त माया गर्ने पुरुष चाहिन्छ, जुन माया शारीरिकभन्दा मानसिक रूपमा ज्यादा होस् । यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथें । उहाँ नै हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनुहुने र मकहाँ बराबर सहानुभूति देखाउन आउनुहुने ।

एक दिन सधैं मेरो व्यथा र पीडाले मुर्झाएको अनुहार देख्दा सुबोधले सम्झाउँदै भन्नुभएथ्यो, 'ममता ! तिमी किन पिर लिन्छ्यौ ? हुने कुरा भइहाल्यो । मन बलियो बनाउनुपर्छ ।"

'तिमी' सम्बोधनले मलाई झन् नजिक पुऱ्याएको अनुभव मैले गरें । त्यसैले त हामी निकै नजिक आइसकेका थियौं एकआपसमा । मलाई उहाँले भित्रैदेखि चाहनुहुन्छ भन्ने पनि मैले अनुभव गरेकी थिएँ ।

"जिन्दगीमा पिरबाहेक सुख कहाँ देख्न पाउँछु र ! सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नीमान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ? छोराछोरी सानै छन् । आफैं सोच्नुस्, यत्रो लामो जिन्दगी लिएर म कसरी बाचूँ ? यो सोच्दा मलाई पट्यार लाग्छ" सुस्केरा हाल्दै मैले भनें ।

"ममता ! त्यसो भए तिमी के चाहन्छ्यौ त ? के विचार छ तिम्रो ?"

"मेरो चाहनु नचाहनुमा फरकै के पर्छ र ? चाहेर पनि त सबै कहाँ पुग्छ र ? नचाहेर पनि के हुन्छ र ? हुन त मान्छेकै मन त हो चाहनाले बेरिहाल्छ । एउटा पवित्र माया, पवित्र सहारा र सुरक्षाको

कल्पना हुन्छ तर सबै कल्पना आखिर पानीको फोका झैं पट्ट फुटेर बिलाउँछन् ।

मैले यति भन्न के भ्याएँथे एक्कासि मैले आफूलाई सुबोधको आवेशपूर्ण अँगालामा पाएँ ।

"ममता ! तिम्रो भावना बुझें । यो अँगालो जिन्दगीभर फुत्कने छैन न त पानीको फोका झैं फुट्ने छ ।"

लोग्नेको न्यानो अँगालो नपाएको एक वर्षपछि सुबोधको न्यानो अँगालो पाउँदा मलाई रमाइलो त लाग्यो तर म अकमकिएँ । के गरूँ के गरूँ जस्तो भयो । अनजानमै भलभल निस्केको आँसुलाई सुबोधले आफ्ना हातले पुछिरहनुभयो । धेरै बेरसम्म उहाँको हात पन्छाइनँ । विश्वास र मायाले घेरेपछि उहाँलाई देवता मान्न थालैं, उहाँको मायालाई अनुपम उपहार सम्झें । प्रसन्नतापूर्वक हामीले एकअर्काको प्रेम स्विकाऱ्यौं । त्यो दिन मेरा लागि ढकमक्क भएर न्यानो घाम लाग्यो । नाङ्गिसकेका मियालका हाँगामा झकमक्क फूल फुल्न लागे । मेरो चारैतर्फ कनकचम्पाको मिठो बास्ना फैलिन थाल्यो ।

हामी धेरैबेर कोठामा बस्यौं । उहाँ फर्किनुभएपछि मनभित्र अनेक किसिमका विचार खेल्न थाले । के मैले कुबाटामा टेकेकी त छैनँ ? मैले राम्रो गरेँ त ? के निर्णय छिटो त भएन ? मेरा छोराछोरीको भविष्य के होला ? हिसाबै गर्ने हो भने मान्छेको सोचाइले त ब्रह्माण्डै ढाक्छ । सोच्दैमा त्यो हुनैपर्छ भन्ने त थिएन । उहाँले त्यसो गर्नासाथ मैले उहाँलाई झट्ट स्विकार्न किन पर्थ्यो र ? के म आफ्नो लागि आफैँले खाल्डो खनिरहेकी त छैनँ ? आखिर सामाजिक प्रतिष्ठा पनि वैयक्तिक मर्यादा र महत्त्वका लागि नभइनहुने पक्ष हो । त्यसैले यो समाज र परम्पराको समर्थनको सम्भावित प्रतिकारले मलाई झन् डर लाग्न थाल्यो । आखिर हाम्रो धार्मिक, सामाजिक परम्पराले यही देख्न चाहन्छ कि विधवा स्वास्नी मान्छे सधैं विधवाकै रूपमा रहोस् ।

यसरी मनभरि कहिले खुसीका डोब देखिन्छन् भने कहिले शङ्का, उपशङ्का र लाजका छाया अगाडिपछाडि तेर्सिन थाले । सोचेँ, भोलि समाजले भन्ने छ, यो आइमाई लोग्नेको सत्मा छैन । लोग्नलाई नर्कमा पारी । यसरी सोच्दासोच्दै ममा विद्रोह उठ्यो, किन यसरी डर मान्नु ? लोग्ने हुँदा हाम्रो जिन्दगी कति मनमोहक थियो । लोग्ने मेरा लागि सर्वस्व हुनुहन्थ्यो । उहाँपछि आफ्नो र छोराछोरीका लागि सहारा र माया खोजें त के बिराएँ मैले ? परम्परा र बन्धनलाई तोडेर के अपराध गरेँ मैले ? समयको माग पनि यही हो । दुई दिनको जिन्दगीलाई किन मरुभूमि बनाउने ? नीरस जिन्दगीलाई रसाउन मायाको सङ्लो नदी चाहिन्छ । छहारीदार ओत चाहिन्छ । जिन्दगी हाँसो रोदन, दुःख पीडा, कथा व्यथाले भरिएको सामूहिक भेल हो । आपत् सुख र दुःख सबैलाई पर्छ । सबैले सबै कुरा भोग्नु नै पर्छ । पिरले तप तप चुहिएर बस्नुभन्दा खुसी खुसी भएर बाँच्नुपर्छ । यसरी सोच्दा मैले ठिक निर्णय गरे जस्तो लाग्यो ।

मेरो जीवनको भयङ्कर भुल र अपराध हुने छ । त्यो भुल र अपराधलाई कसैले क्षमा गर्ने छैन । सुबोधलाई लत्याएर छोराछोरीलाई च्याँपू यो मेरो त्याग र धर्म हुने छ । स्वार्थ हुने छैन ।

"किन जबाफ नदिएकी हैं ?" सुबोधको प्रश्नले झस्कें र भन्ने आँट गरें । "आज म तपाईंसँग अन्तिम फैसला गर्दै छु जुन फैसलाले तपाईंलाई चोट पर्ला र मलाई पनि पर्न सक्छ । मैले आफ्ना छोराछोरीका लागि यो कुरा गर्दै छु जुन कुरा गर्छु भन्ने सपनामा पनि सोचेकी थिइनँ न त तपाईंले नै सोच्नुभएको थियो । अब मनमा गुम्स्याएर राख्नु उचित छैन । जुन विश्वास र आस्था लिएर तपाईंको सहारा खोजें त्यो सबै मृगतृष्णा रहेछ । अहिले थाहा पाएँ म कुवामा सडिरहेछु । गल्लीमा फ्याँकिइरहेछु । मेरा कमजोरीका पर्खालले मेरा शब्दलाई थिचिदिएका थिए । आज ती सबै पर्खाललाई भताभुङ्ग पारिदिएँ । बहानाको जिन्दगी लिएर बाँच्न चाहन्नँ । तपाईंको चित्त नदुखाउन धेरै यत्न गरें तर तपाईंले मेरो चित्त दुखाउन छोड्नुभएन । मेरा छोराछोरीप्रति तपाईंको व्यवहार कति रुखो थियो, कति उपेक्षापूर्ण थियो जसलाई सहन मलाई साह्रै गारो भयो । तपाईंप्रतिको मेरो विश्वास पतझरको पहेँलो पत्ता झैं मेरो जीवनबाट झरिसकेको छ । हुन त एउटा सानदार र प्रेमपूर्ण जीवन तपाईंसँग बिताउन निकै कोसिस गरें तर सबै तासको महल झैं ढलिदियो । यो न सम्झनुस् कि सम्पूर्ण रूपमा मैले तपाईंलाई नै दोष दिँदैछु । तपाईंलाई यस्तो वातावरण तयार पारिदिने हाम्रो समाजका खराब रीतिरिवाज पनि दोषी छन् । हुन त तिनीहरूलाई हामी बदल्न सक्थ्यौं हामीले राम्रो कोसिस गरेको भए तर तपाईंले मलाई सघाउनुभएन । तपाईंको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरुरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुस् ।" भावावेशमा अविरल आँसु खसाल्दै मैले सबै कुरा पोखें ।

'त्यसो भए हाम्रो नाटकीय जीवन तिमीले खतम गर्दै छौ, होइन !" रिसले आँखा रातो पार्दै सुबोधले भन्नुभयो ।

"आखिर जीवन नै नाटक हो । संसार नै रङ्गमञ्च हो ।"

"म तिम्रो जीवन बरबाद गरिदिन्छु । बदनाम गरिदिन्छु ।" आक्रोशपूर्ण धम्कीको स्वर थियो ।

"मलाई कुनै पर्वाह छैन । सबै कुरा सहने छु ।" शान्तभावले जबाफ दिएँ ।

सुबोध एक्कासि जुरुक्क उठ्नुभयो । मलाई गढेर आँखा तर्नुभयो तीर जस्तै बनाएर । सुइँसुइँती जानुभयो । केही बोल्नुभएन । राती भइसकेको थियो । मुटुको स्पन्दन शान्त भयो । विजयोल्लासको वातावरण चारैतर्फ फैलियो । छोराछोरी पलङमा सुतिसकेका थिए । यस्तो अनुभव गरें कि एउटा कालो पोलिने असत्यमाथि सत्यको चिसो पानी खन्याए जस्तो लाग्यो । धेरै समयदेखि पाकेको पिलो घाउ फुटेर सन्चो भए जस्तै ठानें । घाँटीमा बसौं झुन्डिएको ढुङ्गा खसेर हलुङ्गो भएको सम्झें । सुबोध अब कहिल्यै पनि मेरो घरमा नआइदेओस् ।

"दिदी ! चन्द्रमा बहिनीलाई खास चोट लागेको छैन । होसमै छिन् । नआत्तिनुस् । अस्पतालमा हिँड्नुस् ।"

त्यो भाइसँग ट्याक्सीमा बसेर अस्पतालमा आउन थालें । आउने बेलामा सुबोधले भन्नुभयो, " मलाई साह्रै पेट दुखेको छ। चन्द्रमालाई धेरै चोट लागेको रहेनछ। सँगै ल्याऊ।" वास्तवमा सुबोध मसँगै जानुपर्थ्यो ।

अस्पतालमा बिछयौनामा छोरीलाई देख्दा भक्कानो फुटेर आयो । छोरीलाई च्यापेर रुन थालें । दाहिने हात भाँच्चिएर प्लास्टर लगाइसकेको थियो। अरू खास चोट नभएकाले छोरीलाई त्यही दिन घरमा ल्याएँ ।

सुबोध पलङमै सुतिराख्नुभएको थियो । रिस उम्लँदा उम्लँदा मुखभरि आइसकेको थियो । यस्तो लाग्यो, धरतीभित्रबाट ज्वालामुखी फुटेर लाभा निस्कँदैछ । एउटा मूर्तविश्वास, आस्था र रिसको ज्वाला फ्याँकें सुबोधमाथि । उहाँको मुखै हेर्न मन लागेन जुन मुखलाई कति लोभी भएर हेर्ने गर्थें । यो मेरो पहिलो रिस थियो उहाँमाथि । घृणैघृणाको पर्खाल उभिदियो अगाडि । सद्भावनाको पुल भत्किदियो । सोँचे, मेरी छोरी हराउँदा पनि सुबोधलाई चित्त दुखेन, अझ योभन्दा बढ्ता एक्सिडेन्ट भयो भन्ने सुन्दा पनि उहाँले पेट दुखेको बहाना गर्नुभयो । अस्पतालसम्म जानुभएन । आफ्नो रगतमाथि श्रद्धा, माया र करुणाको बदला घृणा राख्ने सुबोधसँग मैले किन सम्बन्ध राख्ने ? सम्बन्ध राख्नु पनि अब अपराध सम्झन थालें किनभने मेरा छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् । सुबोधलाई जसरी मैले माया गरें, जुन विश्वास र आस्था राखें तर कहिले पनि मेरा छोराछोरीलाई मायाले बोलाउनुभएको सुनिनँ । छोराछोरीमाथि उहाँको इर्ष्या थियो, जलन थियो । कत्रो दुर्भाग्य थियो मेरा लागि, मेरा छोराछोरीका लागि सुबोधसँग सम्बन्ध राख्नु मेरो आफ्नै स्वार्थ नभई छोराछोरीको स्वार्थ पनि गाँसिएको थियो ।

क्रोध मभित्र बढ्दै गयो । सुबोधको उपस्थिति अब मेरो लागि असन्तोषको रूप बन्यो । छोरीको दुर्घटनापछि मेरो मौनता व्याप्त हुँदै थियो । मेरा उल्लास र उमङ्ग हराउँदै थियो । अब कुनै पनि कुरा मनमा नराखेर व्यक्त गर्ने बाटो खोज्दै थिएँ ।

एक दिन सुबोधले मेरो हात समात्दै भन्नुभयो, "ममता ! मलाई थाहा छ तिमी निकै परिवर्तन भइरहेछयौ । यसको कारण के हो ?" मेरो अन्तरआत्माको असन्तोषको कोचिएको पोको पोख्ने ठिक ठाउँ थियो यो । मेरो वेदनाले पाकेको घाउ फुटिसकेको थियो । सत्य र न्यायका लागि कठिन जीवन सुरु भए पनि केही छैन । सुबोध मेरो जीवनरुखमा जोडिएको मसिनो हाँगा हो भने छोराछोरी मेरो जीवनरुखका जरा, हाँगाबिँगा, फल सबै हुन् । छोराछोरीलाई लत्याएर सुबोधलाई सकारूँ यो

त्यसपछि सुबोध मकहाँ दिनदिनै आउन थाल्नुभयो । अग्लो, गोरो, स्मार्ट, ख्यालठट्टा गर्नुपर्ने सुबोधको स्वभाव थियो । मेरो लोग्नेमा पनि त्यस्तै व्यक्तित्व थियो तर धेरै चुरोट खाने एउटा बानी सुबोधको मन पर्दैनथ्यो तापनि भन्ने साहस भने गर्दिनथेँ । त्यसै त मेरो स्वभाव गम्भीर थियो, त्यसमा पनि आफ्ना चुरा फुटेपछि त म मूक नै जस्तै बनेँ । एक दिन उहाँको सास निकै गह्नायो र अनायास अनुनय स्वरमा भनेँ, "चुरोटको गन्ध मलाई पटक्कै मन पर्दैन । तपाईं बढी नै चुरोट पिउनुहुन्छ । स्वास्थ्यका लागि पनि राम्रो हैन । छोड्न सकिन्न र ?"

"किन ममता ? किन नसक्नु ? मन बलियो हुनुपर्छ । गर्छु भन्ने प्रण गर्नुपर्छ । आफूलाई नियन्त्रण गर्नुपर्छ । म भोलि नै त भन्न सक्दिनँ । केही दिनमै छोडेर देखाइदिन्छु । "

नभन्दै त्यस्तै भयो । मलाई असाध्यै खुसी लाग्यो । मैले सोचेँ, चुरोटको कुआदत उहाँले मेरा लागि छोड्नुभयो । उहाँलाई पनि मेरो मन नपर्ने बानी रहेछ । एक दिन उहाँले भन्नुभयो, "ममता ! अब तिमीलाई सेतो र पहेँलो साडी त्यति सुहाउँदैन । गुलाफी रङको साडी तिमीलाई कत्ति आकर्षक हुँदो हो होगि ?"

त्यस दिनदेखि रातो रङको नभए पनि अरू रङ कलेजी, बैजनी, प्याजी रङको साडी लगाउन थालेँ ।

यसरी हामी एकअर्काको इच्छाअनुरूप बग्यौं । कहिलेकाहीँ लाग्थ्यो, सुबोध दिनहुँ नआएर दुईतीन दिन बिराएर आउनुभए राम्रो हुन्थ्यो तर यस्तो सोच्दा सोच्दै पनि उहाँ नआउनुहोला भन्ने डर र शङ्काले सताउँथ्यो ।

एक दिन सुबोधलाई खुब मन पर्ने आलुको अचार र काजु, किसमिस मिसाएको सुजीको हलुवा बनाएर दिएँ । हुन त सधैँ केही न केही नखुवाइकन पठाउन्नथेँ । सुबोधले निकै मिठो मानी खानुभयो । यसरी मेरो हातले बनाएको खानेकुरा मिठासँग खानुहुँदा मलाई झन् खुसी लाग्यो ।

"हलुवा साह्रै मिठो बनाइछयौ, पुगेन । बाँकी छ भने अलिकति थपिदेऊ न ममता !" सुबोधले रिकापी बढाउँदै भन्नभयो ।

थोरै हलुवा विद्यालयबाट फर्केपछि खाजाका रूपमा छोराछोरीलाई राखिदिएकी थिएँ । जीवनमा छोराछोरीलाई नछुट्याइकन मैले कहिल्यै केही खाएकी थिइनँ । म अकमकाएँ । हलुवा थोरै थियो सुजी थिएन ।

'छोराछोरीका लागि मात्र छ । अरू खाने कुरा बनाइदिऊँ, के खानुहुन्छ ?"

'बच्चाहरूलाई अरू दिए हुन्छ नि । यही देऊ न मलाई ।" झर्केर भन्नुभयो ।

सुबोधको कुरा मलाई साह्रै तितो भयो । उहाँबाट यस्तो कुरा सुन्नुपर्ला भन्ने किञ्चित् शङ्का थिएन । छोराछोरीका लागि पहिले भाग छुट्याएर मात्र मेरो पतिले खाने कुरा खानुभएको झल्याँस्स

सम्झन पुगेँ । यहाँसम्म कि मेरो पतिले छोराछोरीका लागि बरु खानुहुन्नथ्यो । यसरी मलाई मिठोचोखो बनाउँदा बच्चाहरूले खान पाएनन् भने दिनभरि घाम नलागे जस्तै हुन्थ्यो । बाध्यतावश एक्लै मिठो खानुपर्दा छोराछोरीलाई सम्झेर निल्न गाह्रो हुन्थ्यो तर सुबोधको कुरा काट्न सकिनँ, मन दुखाउन चाहिनँ । छोराछोरी विद्यालयबाट आइपुग्ने वेला भइसकेको थियो । छोराछोरीलाई अरू खाने कुरा बनाउन भान्सातिर लागेँ, सुबोधले हलुवा खाँदै हुनुहुन्थ्यो ।

"ममता ! यहाँ आऊ न ।"

म उहाँको नजिकै गएँ ।

"एउटा कुरा सोधूँ ?" सुबोधले प्रश्न गर्नुभयो ।

"के कुरा हो र त्यस्तो ?"

'जेहोस् नढाँटेर भन्छ्यौ ?"

"भन्नुस् न त ! किन ढाँट्ने ?"

"तिमीलाई सबभन्दा बढी कसको माया लाग्छ ?"

सुबोधको अप्रत्याशित प्रश्नले म केही बोल्न सकिनँ, के भनूँ के भनूँ भएँ । झ्वाट्ट शब्द छुट्यो, "संसारमा सबभन्दा बढी माया त मान्छेले आफैँलाई गर्छ होइन र ? "

"त्यो त सबैले बुझेको र जानेको कुरा हो । त्यसपछि अझ कसको ?

'तपाईंको, छोराछोरीको ...."

स्वाभाविक रूपमा मैले जवाफ दिएँ ।

"म त चाहन्छु, तिमी तिम्रा छोराछोरीलाई भन्दा पनि मलाई बढ्ता माया गर ।"

सुबोधको कुरा सुनेर एक छिन त चित्त दुख्यो ।

"छोराछोरीको माया, लोग्नेको माया, अरूको माया छुट्टाछुट्टै हुन् । मायाको आफ्नै विशेषता छ । तपाईंलाई माया मात्र हैन देवताका रूपमा स्विकारेकी छु तर छोराछोरीको माया पनि असाद्धै लाग्छ ।"

फुङ्ग उडेको मुख बनाउनुभयो सुबोधले । सुबोधको कुरा मन नपरे पनि व्यक्त गर्न सक्ने हिम्मत ममा थिएन ।

एकैछिनपछि छोराछोरी "आमा ! आमा !" भन्दै आइपुगे ।

"खाने कुरा दिनुस् आमा ! भोक लाग्यो ।" दुवै छोराछोरी मलाई समात्दै चिच्याउन थाले । मन भारी भयो । सम्झें, छोराछोरीले हलुवा खान पाएनन् ।

"बच्चाले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन ।" सुबोधले झिजो मानेको स्वरमा भन्नुभयो ।

भान्सामा गएर अरू खानेकुरा बनाइदिने इच्छा थियो । म केही बोल्न सकिनँ । मुटु ढ्याङढ्याङ बज्न थाल्यो । अशान्तको प्रवाह बग्न थाल्यो । अत्यन्त कठिनाइसँग बच्चालाई पर्सबाट पैसा झिकेर " बाहिर खान जाऊ" भनें । लाग्यो, छोराछोरी मन नपराई नपराई बाहिर खान गइरहेछन् । उनीहरूको अनुहारमा खिन्नता थियो । उनीहरूलाई पनि घरकै मिठो खानेकुरा खाने इच्छा थियो होला, पैसा दिएकामा उनीहरू खुसी थिएनन् । छोराले सम्झ्यो होला, आमाले खानेकुरा बनाइदिनुभएन । सोचें, के छोराछोरीको मन दुखाउनु राम्रो हो त ? सुबोधको कुरा पनि काट्न सक्दिनथें । यो कारण कि उहाँ पराइ भइदिनुहोला, मदेखि टाढा जानुहोला । सुबोधमा उदात्त भावना खोजेकी थिएँ, पावन पक्ष खोजेकी थिएँ ।

सम्झें, छोराछोरी आउँदा मेरो लोग्नेले दायाँ र बायाँ राखेर कतिपल्ट म्वाइँ खानुहुन्थ्यो, कतिपल्ट 'मेरा छोराछोरी' भन्दै मुसार्नुहुन्थ्यो । खै, आज सुबोधले मेरा छोराछोरीलाई म्वाइँ खानुभएको ? खै माया गर्नुभएको ? यस्तो मैले चाहन्थें कि मेरा छोराछोरीलाई मेरो लोग्नेले झैं माया गरोस् तर यी मेरा सोचाइ आकाशमा बादल हराए जस्तै हराउँदै गए । यसरी जीवनका धेरै मोडमा सुबोधसँग बहाना गर्नुपर्‍यो, हाँस्न मन नलाग्दा पनि हाँस्नुपर्‍यो । चोटलाई पनि खपिदिनुपर्‍यो ।

छुट्टीको दिन म छोराछोरीसँग रमाउँदै बसेकी थिएँ । थाहा थियो उहाँ छिट्टै आउनुहुन्छ भन्ने । उहाँ एकैछिनपछि आइपुग्नुभयो । उहाँले मेरो पर्स खोल्नुभयो । छोराछोरीलाई पैसा दिँदै भन्नुभयो, "तिमीहरू सबै बाहिर खेल्न जाऊ" कति हतारोसँग मेरा दुवै छोराछोरीलाई लखेट्नुभयो । यसरी उहाँले सबै कुरामा अधिकार जमाइसक्नुभएको थियो । छोराछोरी पहिले त मानेनन् । सुबोधले आँखा तर्नुभएपछि दुवै छोराछोरी लुरुलुरु बाहिर गए तर छोराको अनुहारमा रिस उम्रिरहेको थियो जो मैले नबुझेको होइन । एक किसिमको डर तुरुन्तै मभित्र जन्मिहाल्यो कि छोरो मसँग रिसाउला अथवा सबै कुरा थाहा पाए मलाई घृणा गर्ला । छोराछोरीलाई टाढा राख्न सक्दिनथें । एकै छिन नदेख्दा पनि मन खल्लो भइरहन्थ्यो ।

त्यो दिन कपाल दुखिरहेथ्यो । जिउ भारी भइरहेथ्यो । मन चटक्चटक् भइरहेथ्यो । मलाई बोल्न मन लागेको थिएन ।

"ढोका लगाइदेऊ ममता ! सुबोधको आदेश थियो ।

'छोराछोरी आइपुग्छन् । आज सन्चो पनि छैन ।" मैले भनें ।

धेरै बहाना नगर । आजकाल तिमी निर्जीव जस्तै लाग्छ ।" मुख बिगारेर भन्नुभयो सुबोधले ।

"कति सजीव भइराख्ने त ? जिउको पनि ख्याल गर्नुपर्छ, समयको पनि ध्यान दिनुपर्छ ।"

"अरू कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ ।" उहाँको कडा निर्देशन मान्नै पऱ्यो । मैले कोठाको ढोका लगाएँ ।

एकैछिनपछि छोराछोरी "आमा ! आमा ! भन्दै आइपुगे । ढोका खोल्नुपऱ्यो । सुबोध रिसले मुर्मुरिनुभयो, "बोर्डिङमा राखिदेऊ भन्दा मान्दिनौ । मलाई त वाक्क लागिसक्यो ।" भन्दै बाहिर निस्कनुभयो ।

कति मन दुख्ने कुरा गर्नुभएको सुबोधले, मनमनै सोचें । त्यो दिन सुबोध फर्केर आउनुभएन । नमिठोसँग अनेक तर्कवितर्कमा रात काटें । भोलिपल्ट दश बजेतिर सुबोध आइपुग्नुभयो उही रोबिलो र ठाँटिलो पारामा । मन फेरि प्रफुल्लित भयो ।

"आज सिनेमाको कार्यक्रम राखेको छु । तयार होऊ । बच्चाहरूलाई घरैमा छोड ।"

"होइन, हामी घर बस्दैनौं । हामी पनि सिनेमा हेर्न जाने ।" ठुलो छोरो चिच्यायो ।

"हुँदैन । तिमीहरू घरैमा बस्नुपर्छ " सुबोधको चर्को स्वर थियो ।

धेरै दिन भएको थियो छोराछोरीलाई कतै घुमाउन नलगेको । मन लागेको थियो छोराछोरीलाई पनि लैजाऊँ । मेरो लोग्ने भएको भए छोराछोरीलाई आफैले सिंगारपटार गरिदिनुहुन्थ्यो । कति रमाउँदै हात समातेर लैजानुहुन्थ्यो । कहिल्यै छोराछोरीलाई हप्काएको थाहा थिएन । मैले हप्काउँदा, पिट्दा मलाई नै गाली गर्नुहुन्थ्यो । सुबोधको चर्को स्वरले मेरो लोग्नेको छोराछोरीप्रतिको माया सम्झें । केही भन्ने आँट भएन । बल्लतल्ल छोराछोरीलाई बिस्कुट, चकलेट र खेलौना ल्याइदिन्छु भनेर सम्झाएँ । पैसा दिएँ । छोराछोरी रोइरहे ।

तयार भएर सिनेमा हेर्न गयौं तर कुनै रमाइलो अनुभव गर्न सकिनं । के हेरें थाहा भएन । सिनेमा कसरी सुरु भयो र कसरी समाप्त भयो मेरो दिमागले केही बुझेन । दुवै छोराछोरी रोएको दृश्य झलझली आँखाको नानीभित्र नाचिरह्यो । कहिले जाउँ जस्तो भयो । छोराछोरीप्रति असाद्धै माया र ममता जागेर आयो । सुबोधको जिस्क्याइ र चिमोट्याईले ममा केही मिठो असर गरेन । एउटा काँडाले घोचे जस्तै अनुभव गरें । कहिलेकाही हाँसे हुँला, बोले हुँला तर सबै बहानै थियो ।

फर्केर आउँदा बजारमा छोराछोरीलाई बिस्कुट, चकलेट, खेलौना किनिदिएँ ।

'कति छोराछोरी ख्याल गर्नुपर्छ तिमीलाई हँ ?" सुबोधले खिसी गर्दै भन्नुभयो ।

"त्यही छोराछोरीको लागि बाँचेकी छु त के गर्ने ? मैले माया नगरे कसले गर्छ ?"

"ए तिमी मेरा लागि बाँचेकी होइनौं ?" सुबोधको प्रश्नले मलाई फेरि ढुङ्गाले हिर्कायो ।

"होइन, तपाईंका लागि पनि त बाँचेकी छु नि ! तर छोराछोरीका लागि पनि हो ।"

मेरो कुरा सुनेर सुबोधको मुख अँध्यारो भयो । लाग्यो, कस्तो सङ्कीर्ण विचार सुबोधको, किन सुबोधले आफ्नो माया र विचारलाई फराकिलो पार्न सक्नुहुन्न ?

घर फर्कँदा छोराछोरी रुँदै बसेका थिए, मन चरचर्ती चिरियो ।

सुबोधले मेरो बिमारीमाथि पनि वास्ता गर्नुहुन्नथ्यो । सधैं मलाई कोपर्न, लुछ्न र चाट्न चाहनुहुन्थ्यो । यति वेला मलाई भयङ्कर द्वन्द्वले च्याप्यो । यस्तो वेला बढ्ता माया मानसिक होस् भन्ने चाहन्थे । चाहे जस्तो कहाँ हुनु ?

एक दिन मेरी सानी छोरी बाहिर खेल्न निस्केकी नौ बज्दा पनि घर फर्किनँ । त्यति वेला सुबोध घरमैं हुनुहुन्थ्यो । मैले रुँदै छोरीलाई खोज्न सुबोधसंग अनुरोध गरें । छोरालाई लिएर म झट्टै निस्किहालें । अरू चिनेका दाइ, भाइहरूलाई पनि सुनाएं । कति ठाउँमा खोज्दा पनि छोरीलाई पाउन सकिनं । पसिनाले बेसरी भिजेर घर फर्कें । हातखुट्टा लल्याकलुलुक भइसकेका थिए । मुटुको धड्कन जोडसंग बजिरहेथ्यो । घर फर्कंदा सुबोध पलङमा पल्टेर किताब पढिराख्नुभएको थियो । मन साह्रै विक्षिप्त भयो ।

"किन पसिनै पसिना भएर खोज्न गएकी ? पुलिसले पाएपछि रेडियोबाट खबर दिइहाल्छ नि !"

सुबोधको बेवास्ताको र लापर्वाहीको कुरा सुनेर मलाई अचानामा राखेर खुकुरीले टुक्राए जस्तै लाग्यो । अत्यन्त सङ्कटमय वातावरण देखें । काँडैकाँडाको झाडमा फालिदिए जस्तो लाग्यो शरीरभरि नीलकाँडा उम्रे जस्तै लाग्यो । अब प्रश्न गर्नु, जबाफ दिनु अनर्थ सम्झें । बाघलाई गाई सम्झेर कहाँ हुन्छ र ? सम्झें आजसम्म मैले गाईलाई होइन बाघलाई माया गरिरहेछु । विश्वास र आशा गरिरहेछु । जीवनलाई सम्पूर्ण रूपमा उहाँलाई समर्पण गरेकी थिएँ । सबै लतरपतर भए । मेरा सम्पूर्ण भावना उदास उदास पोखरीमा फ्याँकिए । म रुँदै थिए तर त्यो आँसु मैले सुबोधलाई देखाइनँ । सुबोधलाई केही भनिनं ।

एकै छिनपछि एक जना भाइ दगुर्दै आयो मकहाँ ।

"दिदी ! चन्द्रमा अस्पतालमा छिन् । मोटरसाइकलले धक्का दिएछ ।"

चन्द्रमा मेरी सानी छोरी । भाइको कुराले म बेहोस भएछुं । कति वेला होसमा आएँ थाहा भएन । उठ्दा सुबोधको काखमा थिएँ । भाइले मेरो कपालमा पानी राख्दै थियो ।

छोराले आफ्नो बालसुलभ वास्तविकता पोख्यो ।

यो सत्यतालाई मैले बुझेर पनि बुझ पचाउँदै आइरहेकी थिएँ ।

"हुन्छ छोरा भन्छु तर अहिले होइन अलि पछि भन्ने छु ल !"

छोराको अनुहार खुसीले उज्यालो भएको स्पष्ट देखिन्थ्यो ।

छोराको भनाइले मेरो मन भने भित्रभित्रै चस्कन थाल्यो । मेरो मस्तिष्कमा अतीतका कुरा खेल्न थाले ।

सुबोध मेरो लोग्नेको मिल्ने साथी । एउटा दुःखदायी हवाईजहाज दुर्घटनाले मेरा छोराछोरीलाई टुहुरा बनायो । कलकलाउँदो उमेरमै मेरो सिन्दूर पुछियो । मेरा चुरा फोरिए ।

सुबोध मकहाँ बराबर आउनुहुन्थ्यो । आश्वासन दिनुहुन्थ्यो । माया दर्साउनुहुन्थ्यो तर पनि मैले अत्यन्त शून्यता र रिक्तता अनुभव गर्थें । लोग्नेको अभाव महसुस गर्थें । त्यो सिङ्गै घर मलाई सुरुङ जस्तै लाग्थ्यो । जिन्दगीमा धेरै कुरा हराए जस्तै थिए । यसरी मैले आफू र छोराछोरीलाई साह्रै असुरक्षित अवस्थामा पाएँ । मैले सुरक्षा चाहन्थें । टेक्ने हाँगाको खोजीमा थिएँ म । मायाको निर्मल आकाश चाहन्थें म । लाग्थ्यो, संसारमा एउटा कोही त माया गर्ने पुरुष चाहिन्छ, जुन माया शारीरिकभन्दा मानसिक रूपमा ज्यादा होस् । यसैको चाहनाले च्यापेर अनायास म सुबोधलाई बढी माया र सम्मान गर्न थालेथें । उहाँ नै हुनुहुन्थ्यो मेरो दुःख र सुखमा साथ दिनुहुने र मकहाँ बराबर सहानुभूति देखाउन आउनुहुने ।

एक दिन सधैं मेरो व्यथा र पीडाले मुर्झाएको अनुहार देख्दा सुबोधले सम्झाउँदै भन्नुभएथ्यो, 'ममता ! तिमी किन पिर लिन्छ्यौ ? हुने कुरा भइहाल्यो । मन बलियो बनाउनुपर्छ ।"

'तिमी' सम्बोधनले मलाई झन् नजिक पुऱ्याएको अनुभव मैले गरें । त्यसैले त हामी निकै नजिक आइसकेका थियौं एकआपसमा । मलाई उहाँले भित्रैदेखि चाहनुहुन्छ भन्ने पनि मैले अनुभव गरेकी थिएँ ।

"जिन्दगीमा पिरबाहेक सुख कहाँ देख्न पाउँछु र ! सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नीमान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ? छोराछोरी सानै छन् । आफैं सोच्नुस्, यत्रो लामो जिन्दगी लिएर म कसरी बाचूँ ? यो सोच्दा मलाई पट्यार लाग्छ" सुस्केरा हाल्दै मैले भनें ।

"ममता ! त्यसो भए तिमी के चाहन्छ्यौ त ? के विचार छ तिम्रो ?"

"मेरो चाहनु नचाहनुमा फरकै के पर्छ र ? चाहेर पनि त सबै कहाँ पुग्छ र ? नचाहेर पनि के हुन्छ र ? हुन त मान्छेकै मन त हो चाहनाले बेरिहाल्छ । एउटा पवित्र माया, पवित्र सहारा र सुरक्षाको

दुइटा छोराछोरीलाई च्यापेर सुतें । मनमा उल्लासपूर्ण उत्साह फैलिँदै थियो । निद्रामै छोरो बरबराएको सुनें, "आमा ! आमा ! ! सुबोध अङ्कल मन पर्दैन ।"

"छोरा ! अब कहिल्यै आउने छैन । सुबोध अङ्कल ।" सुतिरहेको छोराको गाला मुसार्दै भनें अनि सुत्न खोजें ।

परिशिष्ट - २

## व्यक्तिगत विवरण



नाम - मनोज कुमार मेहता
जन्म मिति - २०४६ / १० / ०८
बुबाको नाम - राम प्रसाद मेहता
आमाको नाम - सरस्वती देवी मेहता
राष्ट्रियता - नेपाली
धर्म - हिन्दु
लिङ्ग - पुरूष
वैवाहिक स्थिति - विवाहित
भाषा - मैथिली / नेपाली
स्थायी ठेगाना - वराहक्षेत्र नं. पा., वडा नं. -११ मधुवन, सुनसरी
सम्पर्क नं. - ९८०५३०२६९२

## शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको साल | श्रेणी/ प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रवेशिका | जनता मा.वि., मधुवन | २०६४ | प्रथम |
| २ | प्रमाणपत्र | बालकृष्ण उच्च मा.वि., रामनगर, भुटाहा | २०७० | द्वितीय |
| ३ | स्नातक | सुनसरी बहुमुखी क्याम्पस, इनरूवा | २०७३ | द्वितीय |
| ४ | स्नातकोत्तर | जनता बहुमुखी क्याम्पस, इटहरी | २०७४/ २०७५ | अध्ययनरत |